मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com




वर्ष ३ • अंक १३८ • २०८१ साल चैत्र १९ गते मंगलबार • Tuesday 01, April 2025 • सूर्योदय: बिहान ५:५६ बजे • सूर्यास्त: साँझ ६:२२ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-










# मधेशभर एमालेको वृहत् मोटरसाइकल र्‍याली

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमालेको केन्द्रीय कार्यक्रम अन्तर्गत मधेशका सबै जिल्लामा वृहत् मोटरसाइकल र्‍याली भएको छ । मधेशका आठै जिल्लामा एमालेले ‘मिनी शक्ति प्रदर्शन’का रुपमा मोटरसाइकल र्‍याली गरेको हो ।

नेकपा एमालेले धनुषासहित मधेशका विभिन्न जिल्लामा गणतन्त्र रक्षाका लागि मोटरसाइकल र्‍याली प्रदर्शन गरेको छ । केही समय यता बढेको राजावादीको गतिविधि र तोडफोडका घटना रोक्न एमाले जनतामाझ गणतन्त्र रक्षा लागिका लागि मोटरसाइकल र्‍याली प्रदर्शनमा देखिएको हो । मोटरसाइकल र्‍यालीमा विभिन्न नेताको सहभागिता थियो । जनकपुर नगरको विभिन्न भाग परिक्रममा गरिएको थियो ।

र्‍याली एमालेको सांगठानिक गतिविधि सशक्त बनाउन, जनताबीच पार्टीको सन्देश पुर्याउन र गणतन्त्रको विरोध गर्ने शक्तिलाई चुनौती दिन लक्षित गरिएको थियो । र्‍यालीमा जनकपुरधामका सबै वडा कमिटीा सदस्य, पार्टीका युवा कार्यकर्ता, स्थानीय नेता तथा समर्थक सहभागी भएका थिए । उनीहरू मोटरसाइकलमा झण्डा फहराउँदै एमालेको नारा लगाउँदै र लोकतान्त्रिक व्यवस्थाको समर्थन जनाउँदै शहरका मुख्य सडकमा परिक्रमामा उत्रिए ।

प्रदेश सभा सदस्य दिपेन्द्र ठाकुरले अहिले गणतन्त्रविरोधी तत्व सल्बलाइरहेको बताउँदै उनीहरुलाई निस्तेज पार्नुपर्ने आवश्यकता रहेको बताए । पूर्व सांसद उमाशंकर अगरियाले मधेशका जनता कुनै पनि भ्रममा नफस्ने बताउदै विगतमा समेत गणतन्त्रको आन्दोलन मधेशबाट नै शुरु भएको बताउदै ‘राजा आउँछ’ भन्ने भ्रम त्याग्न आग्रह गरे ।

कार्यक्रममा नेकपा एमालेका नेता शिवशंकर साह हिराले राजाका नाममा भइरहेको अराजक गतिविधि सरकारले कडाइको साथ रोक लगाउनुपने बताए ।

त्यसैगरी, नेकपा एमाले सर्लाहीले समेत पूर्वपश्चिम राजमार्गमा विरोध प्रदर्शन गरेको छ । कार्यक्रममा नेकपा एमालेका नेता कार्यकर्ताको उल्लेख्य सहभागिता थियो । राजतन्त्र पक्षधरले काठमाडौँको तीनकुनेमा प्रदर्शनक्रममा अराजकता मच्चाएको आरोप लगाउँदै एमाले सर्लाहीले बागमतीदेखि फूलजोरसम्म करिब २२ किलोमिटर राजमार्गमा मोटरसाइकल र्‍याली गरेको हो । केन्द्रीय कमिटीले ७७ वटै जिल्लालाई गरेको सर्कुलरअनुसार सर्लाहीमा मोटरसाइकल र्‍याली निकालेर तीनकुने घटनाको विरोध गरिएको एमाले सर्लाहीका उपाध्यक्ष विदुरकुमार प्याकुरेलले जानकारी दिए । कार्यक्रममा एमालेका जिल्ला अध्यक्ष राजनारायण साहले प्रतिगामी तत्वले गतिविधि नरोके यसको जनताले सशक्त रुपमा प्रतिवाद गर्ने जिकिर गरे ।

यस्तै, सप्तरीमा पनि ‘राजा आऊ, देश बचाऊ’ मुख्य नाराका साथ अघिल्लो दिन राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरीको अगुवाइमा राजावादीले मशाल जुलुस प्रदर्शन गरेको भोलिपल्टै नेकपा एमालेले सोमबार मोटरसाइकल र्‍यालीमार्फत खबरदारी गरेको छ । राजावादीको गतिविधि बढ्दै गएका बेला एमालेले मोटरसाइकल र्‍याली र सभामार्फत उनीहरुलाई खबरदारी गरेको हो । ‘प्रतिगामी होशियार, संघीय लोकतन्त्र र गणतन्त्र जिन्दावाद’लगायतका नाराबाजी गर्दै निस्केको मोटरसाइकल र्‍याली नगर परिक्रमापश्चात स्थानीय जनआन्दोलन चोक पुगेर सभामा परिणत भएको थियो ।

सभालाई एमालेका जिल्ला इन्चार्ज एवम् एमालेका पोलिटब्यूरो सदस्य सुमनराज प्याकुरेल, जिल्ला अध्यक्ष ताराकान्त चौधरी, सचिव देवनाथ यादव, मधेश प्रदेश कमिटी सदस्य रत्ना तामाङ, राष्ट्रिय युवा संघ नेपालका जिल्ला इन्चार्ज चितरञ्जन यादव, एमाले रुपनी गाउँपालिका कमिटीका सचिव रञ्जीत भगतलगायतले सम्बोधन गर्दै राजसंस्था कुनै पनि हालतमा नफर्किने दाबी गरे । उनीहरुले राजा फर्किने सपना नदेख्न राजावादीलाइ सचेत गराउदै हजारौँको बलिदानबाट प्राप्त उपलब्धी रक्षा गर्न आफूहरु जुनसुकै लडाइँ लड्न तयार रहेको चेतावनीसमेत दिएका थिए । अघिल्लो दिन राष्ट्रिय प्रजातन्त्र पार्टीको अगुवाइमा राजावादीले सदरमुकाम राजविराजमा ‘राजा आऊ, देश बचाऊ,’ पक्राउ परेको नेता कार्यकर्ता रिहा गरलगायतका नाराबाजी गर्दै मशाल जुलुस प्रदर्शन गरेका थिए ।

यस्तै, रौतहटको आयोजनामा सोमबार वृहत् मोटर साइकल र्‍याली भएको छ । मुलुकमा राजावादीको गतिविधि तीव्र रुपमा बढ्दै गएकाले गणतन्त्र रक्षाका लागि नेकपा एमालेले रौतहटमा खबरदारी र्‍याली गरेको हो । जिल्लाको मध्य भाग गरुडास्थित रामसुगर मिल्सको प्रांगणबाट सैयौँको संख्यामा निस्केको मोटर साइकल र्‍याली राजावादीको विरोध र गणतन्त्रका पक्षमा नाराबाजी गर्दै सदरमुकाम गौर पुगेर नगर परिक्रमा गरी घण्टाघरनिर कोणसभामा परिणत भएको थियो ।

सभामा एमाले रौतहट इञ्चार्ज अजय कुमार गुप्ताले काठमाडौँको तीनकुनेमा भएको मानवीय क्षति राजावादीको अराजकताका कारण भएको टिप्पणी गरे ।

शहीदको बलिदानीको बलमा आएको संघीय लोकतान्त्रिक गणतन्त्रिक व्यवस्था रक्षा गर्न नेकपा एमाले हरदम तयार रहेको उनले बताए । उनले गणतन्त्रविरुद्ध हिंसात्मक गतिविधि नगर्न राजावादीलाई चेतावनी दिए । उनले पत्रकारलाई जिउँदै जलाएर हत्या गर्ने घटना निन्दनीय रहेको भन्दै तोडफोड, हत्या, आगजनीमा संलग्न भएकाले सरकारले कानूनी कारबाही गर्ने बताए ।

कार्यक्रममा एमाले अध्यक्ष सचितानन्द साहले लोकतन्त्रविरुद्ध हुने गतिविधिविरुद्ध नेकपा एमाले सशक्त भएर लाग्ने बताए । जनताले जुन राजा फाले, त्यही राजा फेरि आउने भन्नु दीवा सपना भएको र यस्तो सपना नदेख्न राजावादीलाइ सुझाव दिए । संघीयता र गणतन्त्र रक्षा गर्न सबै गणतन्त्रवादी शक्ति एक ढिक्का हुनु पर्ने बेला आएकाले एकजुट हुन उनले आग्रह गरे । मोटरसाइकल र्‍यालीमा एमालेका विभिन्न तहका नेता तथा कार्यकर्ताको सहभागिता थियो ।

## मापदण्ड नमान्ने जनकपुर सीता हस्पिटलका व्यवस्थापक र बिचौलिया पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर–९ थापाचोकस्थित जनकपुर सीता हस्पिटलका म्यानेजर (व्यवस्थापक) मधु महतो र बिचौलिया सुभाष मुखियालाई प्रहरीले पक्राउ गरेको छ । उनीहरूलाई अस्पताल दर्ता नगरी सञ्चालन गर्दै मापदण्ड उल्लंघन गरेको आरोपमा पक्राउ गरिएको हो ।

माघ २६ गते मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले अनुगमनक्रममा अस्पताल दर्ता नगरिएको र मापदण्ड पूरा नगरी सञ्चालन भइरहेको पाएका थिए । त्यसपछि मुख्यमन्त्री सिंहले अस्पताल दर्ता गराएर सञ्चालन गर्न निर्देशन दिएका थिए । केही समय अस्पताल बन्द राखिएको थियो । तर, हालै पुनः अस्पताल सञ्चालनमा ल्याइएको थियो ।

अस्पतालको मुख्यद्वारमा ‘अस्पताल अनिश्चितकालका लागि बन्द गरिएको छ’ भन्ने बोर्ड झुण्ड्याइए पनि भित्र उपचार भइरहेको थियो । मुख्यमन्त्री सिंह त्यही बाटो हुँदै फर्कनेक्रममा अस्पतालमा ध्यान गयो । शंका लागेर अस्पतालभित्र पुग्दा पाँच जना बिरामीको उपचार भइरहेको देखे । त्यसपछि उनले प्रहरी बोलाएर म्यानेजर महतो र बिचौलिया मुखियालाई पक्राउ गर्न लगाएका थिए ।

अस्पतालका सञ्चालक डा. प्रमोद यादवसहित अन्य पाँच जना छन् । मुख्यमन्त्री सिंहको कडा निगरानी र कदमपछि अस्पताल अनधिकृतरूपमा सञ्चालन गर्ने र मापदण्ड उल्लंघन गर्ने कार्यमा संलग्नलाई पक्राउ गरिएको हो ।

## प्रधानमन्त्री ओली खोपीको देउताः साह

**मधेशदृष्टि**
**रौतहट ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार असफल भएको टिप्पणी गरेका छन् । असफल भइसकेको सरकार भेन्टिलेटरमा भएको बिरामीको अवस्थामा पुगेको उनले दाबी गरे ।



कटहरियामा आजपाका जिल्ला अगुवा कार्यकर्ता भेलामा साहले ओली सरकार ‘मल्टिपल अर्गान फेलियर’ को अवस्थामा रहेको बताए । प्रधानमन्त्री ओली संसद र सडक दुवैबाट अस्वीकृत भइसकेको बताउदै उनले तत्काल राजीनामा गरेर मार्गप्रशस्त गर्नुपर्ने सुझाव दिए ।

‘देशमा सरकार छ भन्ने पनि नागरिकले अनभूति गर्न छोडिसकेका छन् । नैतिकताका कसीमा उभिने हो भने प्रधानमन्त्रीले तत्काल राजीनामा गरेर मार्गप्रशस्त गर्दा नै मुलुक र एमालेको हित हुन्छ । नत्र एमालेको अस्तित्व समाप्त हुने दिन टाढा छैन,’ साहले भने । सरकारको गलत रबैयाका कारण देश असफल भइरहेको बताउँदै उनले सरकारको आन्तरिक र बाह्य सम्बन्ध अशान्त बनेको बताए । ‘यो सरकार आएपछि भारतसँगको सम्बन्ध बिग्रियो । राजनीतिक तहमा सम्वादहीनता देखिएको छ । सरकारले असन्तुलित कुटनीति अपनाएका कारण भारतसँगको सम्बन्ध बिग्रिएको हो,’ उनले भने ।

उनले अहिले एउटा भ्रमणका लागि पूरै राज्य–संयन्त्र दुरूपयोग गर्न खोजिएको बताए । विभिन्न देशले आयोजना गर्ने सम्मेलनमा भाग लिने र त्यही मौकामा यसो साइडलाइन भेटवार्ता गर्न अहिलेका परराष्ट्रमन्त्री र प्रधानमन्त्री उदत रहेको बताउदै यो त देशका लागि पनि लाजको विषय भएको बताए । तीनकुने घट्नामा सुरक्षा कमजोरी भएको बताउँदै उनले यसको जिम्मेवारी प्रधानमन्त्री र गृहमन्त्रीले लिनुपर्ने बताउँदै

*बाँकी पृष्ठ ३ मा*

## प्रतिष्ठानको शैक्षिक भवन शिलान्यास



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको शैक्षिक भवनको सोमबार शिलान्यास गरेका छन् । जनकपुरधाम–१४ स्थित मणिमण्डप पछाडि रहेको गुठीको १८ बिघाभन्दा बढी जग्गामा निर्माण हुन लागेको यो भवन प्रतिष्ठानका लागि महत्वपूर्ण संरचना हुने बताइएको छ ।

मुख्यमन्त्री सिंहले शिलान्यास समारोहमा बोल्दै भवन निर्माणका लागि साढे २ करोड रुपैयाँको ठेक्का आह्वान भइसकेको जानकारी गराए । उनले निर्माण कार्य तोकिएको समयभित्र सम्पन्न गर्न जोड दिँदै ठेकेदारलाई समयमै काम सक्न निर्देशन दिए । साथै, उनले निर्माण कार्य निर्धारित समयभन्दा अगाडि सम्पन्न भएमा ठेकेदारलाई प्रोत्साहन (इन्सेन्टिभ) दिइने र ढिलाइ भएमा जरिवाना (पेनाल्टी) लगाइने रणनीति रहेको स्पष्ट पारे ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार विनोद यादवका अनुसार प्रतिष्ठानको शैक्षिक भवनसहित अत्याधुनिक कक्षा कोठा, प्रयोगशाला र अस्पतालको संरचना निर्माण गर्ने योजना छ । उनले भवन निर्माणपछि शैक्षिक गतिविधिमा सुधार

*बाँकी पृष्ठ ३ मा*

# सामाजिक सद्भाव र सहिष्णुताका प्रतीक बन्दै ईद

**महोत्तरी ।**
इस्लाम धर्मावलम्बीले सोमबार मुख्य पर्व ईद–उल–फित्र मनाए । सम्सी–६ का मोहम्मद इम्तियाजको घर इष्टमित्रले भरिभराउ भयो । ‘ईद पर्वको मङ्गलमय शुभकामना..!’ सबै एकापसमा अङ्कमाल गर्दै ईदको शुभकामना आदानप्रदान गर्दैछन् । इष्टमित्रको जमघटमा हिन्दू धर्मावलम्बीको उपस्थिति बाक्लै देखिन्छ ।
‘यो आपसी एकता मजबुत बनाउने अवसर हो,’ इम्तियाजलाई ईदको शुभकामना दिन पुगेका छिमेकी सरोज यादव भन्छन्, ‘फरकफरक परम्परा र संस्कृतिबीच हामी साथ छौँ भन्ने सन्देशले सामाजिक एकतालाई बल पु¥याउँछ ।’ ईदमा हिन्दू मुस्लिम समान रुपले सरिक छन् । यसैगरी भङ्गाहा–५ सीतापुरस्थित सहबुल राइनका घरमा आज हिन्दू पाहुना टन्न छन् । सबै एकापसमा ईदको खुसी बाँड्दैछन् । फरक धर्म, संस्कृति र परम्परामा बाँधिएकाहरुबीचको अन्तर्घुलनले सामाजिक तथा धार्मिक सद्भाव वृद्धिमा सहयोग पुग्ने स्थानीय तथा नेपाल सरकारका सहसचिवबाट अवकास प्राप्त ७० वर्षीय रामबहादुर भुजेल बताउँछन् ।
भङ्गाहा–४ रामनगरकै इस्लाम धर्मावलम्बी शेष जब्बारका घरमा ईद पर्वको शुभकामना दिन अन्य धर्मावलम्बी पनि पुगेका छन् । ‘साथीहरुको जमघटले ईद धेरै रमाइलो भएको छ,’ पाहुनाको स्वागतमा जुटेका शेष भन्छन्, ‘सधैँ यस्तै रमाइलो गर्न पाइयोस् भन्ने अल्लाहसँग दुआ माग्छु ।’
एकमहिने रमजान रोजा आइबार सकेका इस्लाम धर्मावलम्बीले सोमबार परम्पराअनुसार मुख्य पर्व ईद मनाउँदैछन् ।
हिजरी सम्वत्कै सव्वाल महिनाको पहिलो तारिखमा मनाइने यो पर्व इस्लाम परम्परामा करुणा र मानवीय सेवाको प्रतीक मानिन्छ । ईदमा इस्लाम धर्मावलम्बी आफ्नो कमाइको साढे दुई प्रतिशत ‘जकात’ मा छुट्याउँछन् । ‘जकात’ गरिब दुःखीलाई सहयोग गर्न छुट्याइएको रकम हो । ईदमा घर आउने दीनदुःखीको सेवा गर्न पाउनु खास अवसर भएको जब्बारका छिमेकी जाकिर अन्सारी बताउँछन् । पर्व आपसी रमाइलो गर्ने, भेटघाट गर्ने अवसर भएको हुँदा ईदमा आपूm हरु खुसी मनाउन इस्लाम धर्मावलम्बी साथी कहाँ निम्ता मान्न पुगेको हिन्दू युवा बताउँछन् । ‘हाम्रा बुबा पुस्तासम्म त मुस्लिमका घरमा खानपिन गर्न बारना थियो, तर अब समय फेरिएको छ, हामी सबै एकअर्काको सुखदुःखमा एकाकार हुन खोज्दैछौँ,’ रामगोपालपुर–२ महनपुरका मोहम्मद कादिर हुसैनका घरमा ईद मनाउन पुगेका सोही बस्तीका रामदेव यादव बताउँछन् ।
हिन्दू युवा ईदमा सहभागी भएझैँ इस्लाम युवा पनि हिन्दू परम्पराका होरी र राखी पर्वमा सरिक हुन थालेका छन् । सँगै फागु खेल्नु, राखीमा हिन्दू साथीका दिदीबहिनीको हातबाट राखी बाँध्नु आफ्ना लागि रमाइलो अवसर हुने गरेको भङ्गाहा–४ रामका शेराजुल राइन बताउँछन् । यसबाहेक दशैँ, छठलगायतका पर्वमा साथीका घरमा खानपिन गर्ने गरिएको उनको भनाइ छ । इस्लाम र हिन्दू परम्पराभित्रको यो घुलमिलले आपसी प्रेम बढाउन र दुःखसुखमा एकाकार हुन सघाउने दुवै समुदायको अनुभव छ । हिन्दू, इस्लामबीचको यो घुलमिलजस्तै हिन्दू परम्पराभित्रकै पर्वते र मधेशीले मनाउने चाड साझाजस्तै नै बनेका छन् । हिन्दूका चाड दशैँ, तिहार, छठ र तिलासक्रायसहितका पर्वमा मुस्लिम युवा उल्लेख्य संख्यामा सहभागी हुने गरेका छन् ।
बर्दिबास, औरही, गौशाला र जलेश्वरसहितका पर्वते र मधेशी मूलका छ्यासमिस बसोबास रहेका बस्तीमा मधेश र पहाडी परम्पराका हिन्दू चाडपर्वका निम्तो मान्न मुस्लिम पनि पुग्ने गरेका मटिहानी– ७ का मनोहर साह बताउँछन् ।
पर्वते र मधेशी मूल भनिएपनि हिन्दू परम्परामा बाँधिएका सबै उस्तैउस्तै कर्मकाण्ड मान्ने हुन्छन् । ठाउँअनुसारका केही फरक चलन एकअर्काबीचको सांस्कृतिक घूलमिलले एकाकार हुँदै जाने क्रममा मधेशको प्राचीन मिथिलाक्षेत्रका मैथिलले पर्वते समुदायबाट पहाडी पर्व मनाउन थालेका हुन् । एकै ठाउँका बसाइले थुप्रै मैथिल परम्पराका चाडवाड पर्वते मूलका यहाँका बासिन्दा मनाइरहेका बर्दिबास–७ स्थित प्रेमनगरका शत्रुधन महतोको भनाइ छ । बर्दिवास, गौशाला, औरही र भङ्गाहा नगरपालिका एवम् सुदूर दक्षिणको जलेश्वर नगरपालिका हिन्दू परम्पराभित्रका पर्वते र मधेशी मूलको मात्र नभइ इस्लाम र हिन्दू धर्म मान्नेकै पनि छ्यासमिस बसोबास क्षेत्र हुन् । यहाँ बौद्ध र इसाई धर्म मान्ने पनि बाक्लै छन् । यस्ता बस्तीमा फरकफरक समुदायले मनाउँदै आएका चाड परम्परामा सबै सरिक हुने र अपनाउने क्रम बढ्दो छ । पछिल्लो पुस्ताबीचको यो हेलमेलले सामाजिक र धार्मिक सद्भाव वृद्धि हुने सेवानिवृत्त शिक्षक भङ्गाहा–७ का स्थानीय चन्द्रनारायण सिंह थारु बताउँछन् ।
बस्तीमा नयाँ पुस्तामा हेलमेल र अपनत्व बढेको देख्दा पुराना बाबु पुस्ताका अभिभावक दङ्ग देखिन्छन् । धार्मिक सहिष्णुताले चाडबाड थप रमाइलो बन्ने गरेको भङ्गाहा–३ का बासिन्दा वरिष्ठ समाजशास्त्री शिवराज दाहाल बताउँछन् । फरकफरक सांस्कृतिक परम्पराका नयाँ पुस्तामा देखिएको घुलमिल र हेलमेलले आग्रह र पूर्वाग्रह मेटिँदै जाने औरही–१ का पाका व्यक्तित्व चेथरु यादवले बताउँछन् ।

# हिन्दू महिलाद्वारा मुस्लिम एकल महिलालाई पर्व मनाउन सहयोग



**शुभकामना प्रदान गर्नुहुँदै अध्यक्ष महतो:** सर्लाहीको मलङ्गवा नगरपालिका–९ स्थित इदगाहमा सोमबार इद उल फित्रको अवसरमा मुस्लिम धर्मालम्बीहरुसँग एकापसमा अङ्कमाल गरेर शुभकामना प्रदान गर्दै राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो । तस्बिरः विश्वनाथ ठाकुर/रासस

मुस्लिम धर्मावलम्बीको महान पर्व इद–उल–फित्रको अवसर पारेर सोमबार हिन्दू धर्मावलम्बीले नेतृत्व गरेको संस्थाले सामाजिक सद्भावको उदाहरण प्रस्तुत गर्दै विपन्न समुदायकी ६ दर्जन भन्दा बढी मुस्लिम एकल महिलालाई लक्षित गरी कुर्ता सुरुवाल वितरण गरेको छ । एकल महिला आत्मनिर्भरता तथा पुनस्र्थापना केन्द्र सप्तरीले पर्व मनाउन हनुमाननगर कंकालिनी नगरपालिका र तिरहुत गाउँपालिकाका ७६ एकल महिलालाई कुर्ता सुरुवाल वितरण गरेको हो ।
एकल महिला क्षेत्रमा क्रियाशील संस्थाकी अध्यक्ष जुही ठाकुरको नेतृत्वमा टोली गाउँमै पुगेर मुस्लिम एकल महिलालाई लुगा प्रदान गरिएको हो । आर्थिक अभावमा पर्वको समयमा समेत नयाँ लुगा किन्न असमर्थ उनीहरुबारे संस्थाकै स्वयंसेविकाले खबर गरेपछि सानो सहयोग लिएर इदको बधाई दिन आइपुगेको अध्यक्ष ठाकुरले सुनाइन् । स्थानीय मो. मज्जोले भने, ‘धर्म फरक भए पनि भावनात्मक सम्बन्धले आफसी सद्भाव मजबुत बनाउने काम गरेको छ ।’

# खोलामा डुबेर तीन बालकको मृत्यु

**बागमती ।**
मकवानपुरको इन्द्रसरोबर गाउँपालिका–३ स्थित सिस्नेरी खोलमा डुबेर सोमबार तीन बालकको मृत्यु भएको छ । खोलामा नुहाउने क्रममा डुबेर सिस्नेरी डोडारेका श्यामबहादुर आचार्यका १४ वर्षीय छोरा सुशान्त आचार्य, काभ्रेको फलबारी दाप्चा घर भई सिस्नेरीस्थित मामा घर आएका १४ वर्षीय प्रमेश घोरासैनी र ११ वर्षीय प्रमाध घोरासैनीको मृत्यु भएको इलाका प्रहरी कार्यालय भीमफेदीका प्रहरी निरीक्षक ललिता ढकालले जानकारी दिइन् । मृतक घोरासैनी दुवै दाजु भाई हुन् भने आचार्य मामाका छोरा हुन् ।
सिस्नेरी बजार पछाडि रहेको खोलामा नुहाउन गएका तीनै जना पौडी खेल्ने क्रममा डुबेका थिए ।
तीनै जनाको अचेत अवस्थामा उद्धार गरी उपचारका लागि पाटन अस्पताल पठाइएकामा उपचारकै क्रममा मृत्यु भएको प्रहरी निरीक्षक ढकालले बताए । मृतक बालकको शव परीक्षणका लागि पाटन अस्पतालमा राखिएको छ ।

# चुरे संरक्षणमा समन्वय र सहकार्य जरुरी

**सिरहा ।**
चुरे विनाशले मधेशका जिल्लामा प्रतिकूल असर पारेकाले यसको संरक्षणमा तीनै तहको सरकारको साथसाथै राज्यका अङ्गबीच समन्वय र सहकार्य आवश्यक रहेकोमा सरोकारवालाले जोड दिएका छन् । ‘चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई’ भन्ने मूल ध्येयका साथ मधेश प्रदेश वन तथा वातावरण मन्त्रालयले यहाँको लहानस्थित हात्तीदह सिमसार तथा पर्यटकीय क्षेत्रको सभाहलमा आयोजित चुरे सम्वाद कार्यक्रमका वक्ताले चुरे संरक्षणका लागि सङ्घीय, प्रादेशिक, स्थानीय सरकार, स्थानीय समुदाय, सरोकार भएका निकायको समन्वय, सहकार्य र संयुक्त प्रयास अपरिहार्य रहने बताएका हुन् ।
कार्यक्रमका मधेश प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेले चुरे क्षेत्र मधेशको जीवनसँग जोडिएको बताउँदै यसको संरक्षण गर्नु सबैको दायित्व भएको बताए । ‘राज्यका निकायले चुरे क्षेत्रलाई आफ्नै



ठानेर समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा यसको संरक्षणमा जोड दिन आवश्यक छ,’ उनले भने, ‘चुरेले सबैलाई समेट्ने भएकाले स्थानीय पालिका प्रमुखको नेतृत्वमा समन्वय र सहकार्य गरिँदा उत्तम देखिन्छ ।’
कार्यक्रममा प्रदेश वन निर्देशनालय जनकपुरका प्रदेश वन निर्देशक जगन्नाथ प्रसाद जयसवालले वन विनास र चुरे क्षेत्रको प्राकृतिक स्रोतसाधन माथिको अवैध दोहनका कारण जमिन मुनिको पानीको सतह सुक्दै गएकाले स्थिति भयावह बन्दै गएको बताए । उनले चुरे संरक्षणका लागि सबै निकाय र संयन्त्र उत्तिकै जिम्मेवार रहेकाले जमिनमा ‘वाटर रिचार्ज’ का लागि जलाधार क्षेत्रको संरक्षण तथा पानी पोखरी निर्माणमा जोड दिनुपर्ने धारणा राखे । त्यसैगरी, डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहले चुरेको अवस्था र यसको संरक्षण तथा व्यवस्थापनका लागि हालसम्म गरिएका कार्यक्रमको प्रगतिको अवस्थाबारेमा प्रस्तुतीकरण गरे । कार्यक्रममा धनुषा, सिरहा, सप्तरी र उदयपुरका डिभिजन वन कार्यालयका प्रमुख तथा प्रतिनिधि, सामुदायिक वनका प्रतिनिधि, स्थानीय तहका जन प्रतिनिधि, भू तथा जलाधार कार्यालयका प्रतिनिधि, जिल्ला समन्वय समितिका प्रतिनिधिको उपस्थिति थियो ।

# प्रतिष्ठानको शैक्षिक भवन...

आउने विश्वास व्यक्त गरे । साथै, अस्पतालको सेवासुविधा विस्तार हुने र यसले मधेश प्रदेशका बासिन्दालाई गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सहयोग पुग्ने धारणा राखे ।
भवनको निर्माणका लागि गुठीको जग्गा चयन गरिएको छ । यसले केही स्थानीयबासीहरूमा चिन्ता उत्पन्न गराएको छ । स्थानीयहरूले उक्त जग्गाबाट बाटो सञ्चालन हुँदै आएको भन्दै भवन निर्माणसँगै बाटो बन्द हुने आशंका व्यक्त गरे ।
तर, जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले कानुनी प्रक्रिया पूरा गरी भवन निर्माण हुन लागेको स्पष्ट पारे ।
उनले सामाजिक हितका लागि निर्माण गरिने भवनले कुनै पनि समुदायलाई असर नगर्ने दाबी गर्दै भवनको दुवै छेउमा वैकल्पिक सडकको व्यवस्था मिलाइने जानकारी गराए । साथै, उनले स्थानीय बासिन्दालाई सहयोगका लागि आग्रह गर्दै यस परियोजनालाई सफल बनाउन सबै पक्ष एकजुट हुनुपर्ने आवश्यकता औंल्याए ।
भवन सम्पन्न भएपछि यस प्रतिष्ठानमा विभिन्न चिकित्सा तथा स्वास्थ्य विज्ञानसम्बन्धी अध्ययन कार्यक्रम सञ्चालन गरिने बताइएको छ । मुख्यमन्त्री सिंहले समयमै निर्माण कार्य सम्पन्न गर्न आग्रह गर्दै आगामी दिनमा मधेश प्रदेशलाई स्वास्थ्य र शिक्षामा आत्मनिर्भर बनाउने आफ्नो प्रतिबद्धता पुनः दोहोर्याए ।

मधेश प्रदेश सरकार
खेलकूद तथा समाज कल्याण मन्त्रालय
**सामाजिक विकास इकाई**
राजविराज सप्तरी, नेपाल

**करारमा जनशक्ति भर्नासम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०८१/१२/१९ गते)

प्रस्तुत विषयमा यस इकाई कार्यालयको स्वीकृत दरबन्दीमा देहायका पदको रुपमा देहायको सङ्ख्या र योग्यता भएको कर्मचारी कन्टिन्जेन्सी शिर्षकबाट तलव पाउने गरी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र (२०८१/१२/२७) ४:०० बजेसम्म यस इकाई कार्यालयमा रितपूर्वक दरखास्त सहित यस कार्यालयमा उपस्थित भई आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | पद विवरण | सेवा/समूह | तह | सेवा करारबाट पदपूर्ति हुने पदको सङ्ख्या |
|---|---|---|---|---|
| १. | इन्जिनियर | प्राविधिक (सिभिल) | अधिकृतस्तर सातौं | १ |
| २. | सव-इन्जिनियर | प्राविधिक (सिभिल) | पाँचौं | २ |
| ३. | क. अपरेटर/स.क.अपरेटर | विविध | चौथो | १ |
| ४. | सामाजिक परिचालक | विविध | चौथो | २ |
| ५. | कार्यालय सहयोगी | प्रशासन | श्रेणी | २ |

**शैक्षिक योग्यता र अन'भव :**
(क) नेपाली नागरिक ।
(ख) न्यूनतम शैक्षिक योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा उर्त्तिण गरेको ।
(ग) काउन्सिलामा दर्ता भएको (काउन्सिलमा दर्ता हुनु पर्ने पद भएमा ।
(घ) १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।
(ङ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
**दरखास्तमा संलग्न गर्नुपर्ने** : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, प्रचलित नेपाल कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रतिलिपि संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गर्ने ।
(च) शैक्षिक योग्यता, अन्तर्वार्ता र अनुभवको आधारमा छनौट हुनेछ ।

सुशिल कुमार झा
इकाई प्रमुख

# कानु हलवाई महासंघको अधिवेशन

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
कानु हलवाई समाज महासंघ जनकपुरधामको महाधिवेशन प्रमोदकुमार साहको अध्यक्षतामा भएको छ । सम्मेलनमा प्रमुख अतिथि मधेशी आयोगका अध्यक्ष जीवछ साह थिए । उनले कानु समाज शैक्षिक, आर्थिक र राजनीतिक हिसाबले निकै पछाडि रहेको बताए । समाजमा जनचेतना



जगाउनुपर्ने र कानु हलवाई समाजमा एकता अभाव रहेको उनको तर्क थियो ।
सम्मेलनले नगर कार्यसमिति र युवा मञ्च गठन गरेको छ । नगर कार्यसमिति अध्यक्षमा बलराम साह निर्वाचित भएका छन् । त्यस्तै उपाध्यक्षमा नथुनी साह, सचिवमा अनिलकुमार साह, सहसचिवमा किसन साह, कोषाध्यक्षमा बिक्रम साह निर्वाचित भएका छन् । त्यस्तै मनोहरप्रसाद साह, पंकज साह, जगदीश साह, नाथुनी साह र लक्ष्मेश्वर साह सदस्य भएका छन् ।
युवा मञ्चको अध्यक्षमा त्रिदेव प्रसाद साह चयन भएका छन् । उपाध्यक्षमा दीपक गुप्ता, सचिवमा ई. प्रशान्तकुमार साह र सहसचिवमा बिक्रम साह चयन भएका छन् । रामशंकर साह, सन्तोष साह, चन्द्रमोहन साह, तेजनारायण साह, सुमित साह र कन्हैया प्रसाद सदस्य बनेका छन् ।
महाधिवेशनमा केन्द्रीय अध्यक्ष राजकुमार साह, सांसद उर्मिला साह, केन्द्रीय उपाध्यक्ष राजकुमार कानु, महासचिव सुरेशप्रसाद कानु, मारवाडी सेवा समिति जनकपुरधामका अध्यक्ष निर्मलकुमार चौधरी, नागवंशी चौरसिया समाजका अध्यक्ष प्रदीप भगतलगायतको उपस्थिति थियो ।

# मोदीको सचिवालय प्रमुखमा तिवारी



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतीय विदेश सेवा (आइएफएस) की अधिकारी निधि तिवारी प्रधानमन्त्री नरेन्द्र मोदीको निजी सचिव नियुक्त भएकी छिन् । कर्मचारी तथा तालिम विभाग (डिओपिटी) ले नियुक्तिको जानकारी सार्वजनिक गरेको हो ।
डिओपिटिले जारी गरेको विज्ञप्तिमा तिवारी २०१४ ब्याचकी भारतीय विदेश सेवा (आइएफएस) अधिकारी हुन् । उनी यसअघि प्रधानमन्त्री कार्यालय (पिएमओ) मै उपसचिवमा कार्यरत थिइन् । भारतीय मन्त्रिपरिषद्को नियुक्ति समितिले तिवारीको नियुक्ति अनुमोदन गरेको छ ।

# प्रधानमन्त्री ओली खोपीको...

भने, ‘यसको जिम्मा गृहमन्त्री र प्रधानमन्त्रीले लिनुपर्दैन ?’ सरकार देशमा शान्ति, सुव्यवस्था र जनधन सुरक्षा गर्न असफल भइसकेको उनले दोहोर्याए ।
संघीय राजधानी काठमाडौँमा घोषित कार्यक्रममा समेत सुरक्षा मजबुद गर्न नसक्ने सरकारले देशको कुनै कुनामा कसरी शान्ति सुरक्षा र अमनचयन कायम गर्न सक्छ ? तिनकुने घट्नाले गम्भीर प्रश्न उठाएको छ भन्दै उनले आलोचना गरे ।
साहले प्रधानमन्त्री खोपीको देउता भएको टिप्पणी गरे । ‘बालुवाटार र सिंहदरबारबाहेक केही देख्न पाउनुभएन ? किन यस्तो अवस्था आयो ? देशमा मात्रै होइन विदेशमा समेत नेपालीले प्रधानमन्त्रीविरुद्ध नाराबाजी गरेका छन् । असफल भएपछि पनि कुर्सीमा बसिरहन केले प्रेरित गर्छ ? देशले अहिले जुन मूल्य चुकाउनुपरेको छ, यसको जवाफ देश र जनताले केपी ओली र शेरबहादुर देउवासँग लिनेछ’, उनले भने ।

## सम्पादकीय

# निजी अस्पतालमा अनुगमन आतंक, सरकारीमा निःशुल्क जागिर !

*मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले पछिल्लो एक महिना मधेश प्रदेशमा सेतो पोशाक लगाएर सेवाका नाममा जनताको जीउधनमाथि नै बदमासी गर्ने अस्पताल सञ्चालकलाई भागभाग बनाएका छन् । अरु कुनै पनि प्रदेशका मुख्यमन्त्री यसरी अस्पताल अनुगमनमा निस्कन पनि सक्दैनन् । औषधीमूलोका अनेक जालोमा मुख्यमन्त्रीले हात हाल्नु भनेको सत्ताको माया नहुनुसरह नै हो । जनताको नजरमा वाहवाही पाएका छन् मधेशका मुख्यमन्त्री सिंहले । यतिसम्म कि अनुगमनपछि बन्द गर्न भनिएको अस्पताल चलेको छ कि छैन भनेर सूचना राखेर तिनका सञ्चालकलाई पक्राउसमेत गराउन मुख्यमन्त्रीको निर्देशन खेर गएको छैन । यसरी मधेशमा सेतो पोशाकधारीले मच्चाएको लुट आतंक व्यवस्थामा धावा बोलेर मुख्यमन्त्री सिंहले चालेको कदमले उनको कदलाई बेहद बढाएको छ भन्दा प्रतिपक्षीहरुले नाक खुम्च्याउनु पर्दैन । अब त एमालेका दीपेन्द्र ठाकुरहरु पनि मुख्यमन्त्रीको स्टन्ट भन्न छाडिसकेका छन् । किनभने अब जति बोल्यो, त्यति आफ्नै राजनीतिमा खति हुने दिव्य ज्ञान सत्तारुढ एमालेका प्रदेश सांसदहरुलाई पनि आइसकेको छ ।*

*तर यहीबेला अर्को अमिलो समाचार आएको छ मधेश प्रदेशकै । मधेश प्रदेशका विभिन्न अस्पतालमा कार्यरत डाक्टरले कम्तीमा दुई महिनादेखि बढीमा ९ महिनासम्मको तलब पाउन नसकेको समाचार सबैतिर आए पनि तलब नपाउने चिकित्सकको नामसहित मधेशदृष्टिले खबर प्रसार गरेपछि स्वास्थ्यक्षेत्रका डाक्टर नै कति पीडित रहेछन् भन्ने सार्वजनिक भएको छ । मधेश प्रदेशका स्वास्थ्यकर्मीको तलब समयमा उपलब्ध गराइदिन अल्टिमेटम नै दिइएको छ । मधेशका मुख्यमन्त्री सिंहलाई यो अर्को चुनौती बनेको छ । तत्काल तलब उपलब्ध गराइदिन दिइएको अल्टिमेटमा मुख्यमन्त्री नै जोडिएका छन् । किनभने मधेशको जिम्मा मधेश प्रदेश सरकारको हो र यसमा प्रमुख मुख्यमन्त्री नै हुन् । अर्कातिर सिनियर अहेव, अनमिको बढुवाको मागसहति नियमित आन्दोलन छदैँछ । यसरी सरकारले आफ्ना कर्मचारीलाई तबल पनि खुवाउन नसकेको विषय बाहिरिनु पक्कै राम्रो होइन । अझ एमालेको जिम्मामा रहेको स्वास्थ्य मन्त्रालय मातहतका कर्मचारीले तलब पाउन नसक्नु र निजी अस्पताललाई चैँ लखेटिलखेटी बन्द गराउने काममा लाग्नु दुवै स्वास्थ्य सेवा नाजुक बनाइनु हो । जनता सरकारीमा जाँदा तलब नपाएका कर्मचारीको भरपर्दो उपचारमा विश्वस्त हुन सक्दैनन् । निजीमा जाउँ, दर्ता नभएको नाममा उपचार निषेध हुँदा फेरि विराटनगर, हेटौँडा, काठमाडौँसँगै भारतीय शहर जानु पर्ने बाध्यता नै प्रदेश सरकारले पारिरहेको त होइन ?*

*जे होस्, प्रदेश सरकारले आफ्ना स्वास्थ्य संस्थाहरु व्यवस्थित पार्न जरुरी छ । ९८ प्रकारको औषधी दिने प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा ३० प्रकारका मात्र औषधी छन् भने मधेशदृष्टि नै प्रसार गरिसकेको छ । यसरी आफ्नो कमजोरी घटाएर जनतालाई निःशुल्क औषधी पनि दिन नसक्ने मधेश प्रदेश सरकार कर्मचारीलाई तलब पनि दिन सक्दैन भने कसरी पत्याउने कि निजी अस्पताललाई मात्र लखेटेर लोकप्रिय हुन्छ ? यसमा पनि प्रदेश सरकार मातहत र पालिकाका स्वास्थ्य शाखाको कर्मचारीको बदमासीविना यो सम्भव नै छैन । अहिले नै त सरकारको हातमा लाठी भएकाले सबै डराउलान् तर केही न केही संकेत नपाई अस्पताल खोल्ने र जनता मार्न पनि तयार हुने को होलान् र ? अहिलेलाई सरकारी स्वास्थ्य कर्मचारीको बढुवा र तलबसँगै आर्थिक वर्ष सकिन लाग्दा निःशुल्क पाउने औषधी प्रदेश सरकारको एजेण्डा बनोस् ।*

# कसरी मान्छन् नेपालीले ती आन्दोलन अनि तीनकुने हत्याकाण्ड !



अश्विन दानी

*“ जनताका जनजीवन बदल्ने, देशमा समृद्धि र विकास ल्याउने जस्ता झुटा सपना देखाएर आम सर्वसाधारण नेपालीको रगतले मातृभूमि लत्पत्याउँदै यिनीहरुले नै आफू धनी बन्ने, आफ्ना परिवार सम्पन्न बनाउने, निरन्तर सत्ता र शक्तिमा बसेर राजकीय जीवन बिताउनका लागि पटक–पटक अनेकौं बहानामा तन्त्र (व्यवस्था) फेरे ।*




हाम्रा शास्त्रहरुले स्पष्ट भनेका छन्, सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक, र सांस्कृतिक लगायत क्षेत्रमा हुने अधर्म, असत्य, अन्याय, अत्याचार, अहंकार, लोभ, क्रोध र अज्ञानता जस्ता कर्महरूको परिणामस्वरूप समाजमा अशान्ति, द्वन्द्व, र युद्ध उत्पन्न हुन्छ।

महाभारतमा भनिएको छ –

अधर्मो हि समुत्थाय हन्ति धर्मं सनातनम्।
धर्मो वृत्तो हि निहन्ति अधर्मं स पुनः पुनः।।

अर्थात्, जब अधर्मले प्रबलता पाउँछ, तब त्यो सनातन धर्मलाई क्षति पु¥याउँछ। तर जब धर्म बलवान् हुन्छ, त्यो अधर्मलाई पुनः पुनः नष्ट गर्दछ।

अहिले नेपालको वर्तमान राजनीतिक र सामाजिक द्वन्द्वलाई यस श्लोकले स्पष्ट पार्छ। हो वास्तवमा नेपाल र नेपालीको ऐतिहासिक राष्ट्रिय पहिचान र राष्ट्रिय गौरवलाई अधर्मको जगमा, अत्याचारको जगमा, अन्यायपूर्ण तरिकाले षड्यन्त्रपूर्वक ढंगबाट तहसनहस बनाइएको जगजाहेर छ।

आज देशको आर्थिक, सामाजिक, राजनीतिकसँगै समग्र परिस्थिति कस्तो छ? आम नागरिक सरकार र नेतृत्वसँग कति खुसी छन्? को खुसी छन्? त्यो सायदै मैले भनिराख्नु नपर्ला!

जनताका जनजीवन बदल्ने, देशमा समृद्धि र विकास ल्याउने जस्ता झुटा सपना देखाएर आम सर्वसाधारण नेपालीको रगतले मातृभूमि लत्पत्याउँदै यिनीहरूले नै आफू धनी बन्ने, आफ्ना परिवार सम्पन्न बनाउने, निरन्तर सत्ता र शक्तिमा बसेर राजकीय जीवन बिताउनका लागि पटक–पटक अनेकौं बहानामा तन्त्र (व्यवस्था) फेरे।

यिनीहरू अर्थात्, आफूलाई गणतन्त्र र लोकतन्त्रको ठेकेदार मान्ने नेताहरू, जो निरन्तर सम्पत्ति, सत्ता र शक्तिको लागि नेपाली जनताका आँखामा भ्रमको खेती गर्दै दशकौंदेखि मुलुकमा शासनमा गरिरहेका छन्। हिजो तीनकुनेमा के भयो? देशमा गणतन्त्र होइन्, हिन्दु अधिराज्य चाहिन्छ भनेर प्रदर्शनका लागि सडकमा आएका एक नेपालीले राज्यको (प्रहरीले हानेको) गोली खाएर मरे। प्रहरीसँगको दोहोरो झडपमा प्रदर्शनकारीले लगाएको आगोमा जलेर अर्का नेपाली जनता मर्न बाध्य भए। अझै निर्मम तरिकाले भन्दा हत्या भयो।

**हत्यारा को हो, जवाफ कसले दिने?**

तर, सरकार, गृह प्रशासनसहित आफूलाई लोकतन्त्रवादी र गणतन्त्रवादी राजनीतिक दल र त्यसको नेतृत्व (नेता) भनेर स्वघोषणाा गर्ने गरेकाहरू भन्छन्, ’उक्त प्रदर्शनको आयोजक र पूर्वराजा नै हत्यारा हुन् ।झ

उनीहरूको सोही दाबी अनुसार हत्या÷ज्यान मार्ने कसुरसहित अन्य विभिन्न कसुरमा कारबाही गर्नका लागि सरकारले राजावादी समर्थकहरू जो प्रदर्शनमा थिए उनीहरूलाई पकाउ गरिसक्यो। थपलाई पक्राउ गर्ने क्रम जारी राखेको छ। घोषित, अघोषित नजरबन्दमा थुप्रै छन् । त्यो प्रदर्शन सही थियो या गलत? प्रदर्शनका नेतृत्व गर्नेहरूका व्यक्तिगत चाहना के थिए? कमजोरी के थियो? स्वार्थ के थियो? अनि गणतन्त्र सही या राजतन्त्र? त्यो अर्को बहस को कुरा हो। यसमा पछि बहस गरौंला।

तर, एकपटक सोचौं त, के त्यो गोली खाएर मर्ने आम नेपाली होइन? जिउँदै जलेर मर्ने सामान्य श्रमजीवी पत्रकार (क्यामेरा म्यान) हैन? सुरक्षाकर्मीको गोली लागेर, अश्रुग्यासका कारण, लाठीचार्जका कारण वा प्रदर्शनकारीले प्रहार गरेको ढुङ्गा लागेर घाइते हुने सुरक्षाकर्मीहरू यो देशको सामान्य परिवारका सर्वसाधारण नागरिक हैनन्? यो घटनाबाट कसलाई फाइदा पुग्यो? को खुसी छन्?

गृह मन्त्रालयले गत १५ गते साँझ पत्रकार सम्मेलन गर्दै दिएको तथ्यांकअनुसार तीनकुने क्षेत्रको कार्यक्रममा सुरूमै ३५ सय सुरक्षाकर्मीहरू खटिएका थिए। स्थिति प्रतिकूल बनेपछि थप सयौं सुरक्षाकर्मी खटाइएको छ । सरकारकै तथ्यांकअनुसार राजावादी (गणतन्त्रविरोधी प्रदर्शनकारी) ३ देखि ४ हजार मात्रै थिए । अब यहाँ स्वाभाविक रुपमा प्रश्न उठ्छ। हातहतियारसहित जनताको सुरक्षाका लागि भनेर खटिएको सुरक्षाकर्मीले बराबर संङ्ख्यामा रहेका प्रदर्शनकारीको भिडलाई नियन्त्रण गर्न नसक्नुमा राज्य र सुरक्षा संयन्त्रको अकर्मण्यता र नालायकीपन छर्लङ्ग उदाङ्गो भएको छै? सुरक्षा निकायको निति अनुसार भिड नियन्त्रणका लागि आवश्यक परे सुरक्षाकर्मीले सुरूमा लाठीचार्ज, पानीको फोहोरा त्यसपछि अश्रुग्यास त्यसले पनि नभए हवाई ’फायरझ गर्छ। त्यसबाट पनि नियन्त्रणमा नआए अन्ततः घुँडामुनि गोली प्रहार गर्ने अन्तर्राष्ट्रिय सुरक्षा नीति हैन?

त्यसो हो भने ढुंगा प्रहार मात्रै गरिरहेका प्रदर्शनकारीमाथि म्याद गुज्रिएको अश्रुग्यास प्रहार मात्रै हैन, ताकी–ताकी अन्तर्राष्ट्रिय भिड नियन्त्रण सुरक्षा मापदण्डको खिल्ली उडाउँदै घुँडामाथि गोली प्रहार गर्ने अधिकार सुरक्षाकर्मीलाई कसले दियो? दोहोरो भिडन्त जसरी घुँडामाथि गोली कसरी, के कारण हानियो? प्रश्न अनुत्तरित छ। तर, यसको जवाफ आम नेपाली जनताले खोजिरहेका छन्।

सुरक्षा दिने भनेर फिल्डमा खटिएका हजारौं सुरक्षाकर्मीहरूले किन आगलागी भएको ठाउँमा कोही फसेका छन् कि? कसैको उद्धार गर्न आवश्यक छ कि भनेर ’सर्चझ गरेन? उद्धारका लागि फिल्डमा रहेका अन्य पत्रकारहरले हारगुहार गर्दा पनि किन घण्टौँसम्म उद्धारका लागि किन चासो देखाइएन? उद्धारमा त्यो हदसम्मको लापरबाही र गैरजिम्मेवार कसरी बन्यो सुरक्षा निकाय? यसको जवाफ पनि राज्यले दिनैपर्छ हैन र?

तर, तीनकुने घटना, त्यसपछि सरकारको कदम साथै राजनीतिक दल र तिनका नेतृत्वहरूको प्रतिक्रिया हेर्दा स्पष्ट हुन सकिन्छ। दशकौंदेखि देशको बागडोरको चाबी हातमा लिएका, लिइरहेका र अझै लिने तयारीमा रहेकाहरूले पुनः राजा फर्किएलान् अनि आफूहरू सत्ताबाहिर बस्नुपर्ने हो कि? भन्ने डरले तर्सिएका छन्। त्यसैले, राजतन्त्र पुनःस्थापनको माग राख्नहरूमाथि हदैसम्मको बर्बरता देखाइरहेका छन् । हदैसम्मको कारबाही गर्ने र गराउने गरी अघि बढेका छन् । अनि आफूहरू शान्तिका दूत ’गौतम बुद्धझ जस्तै भएको कुरा जबरजस्ती स्थापित गराउने ध्येयका साथ लागिपरेका छन्।

तर, म सम्पूर्ण नेपाली जनताको प्रतिनिधित्व गर्दै राज्य, राज्य संयन्त्र र यी तमाम राजनीतिक दल र तिनका नेतृत्वलाई प्रश्न गर्न चाहन्छु – के राज्यको सुरक्षा संयन्त्र यति कमजोर छ? यस्तो कमजोर कसले बनायो? के ती सडकमा प्रदर्शनका लागि उत्रिनेहरू र सामाजिक सन्जालबाट उक्त प्रदर्शनको समर्थन गर्नेहरू सबै देशद्रोही हुन्? एजेन्डा जेसुकै होस्, उनीहरूलाई सडकमा आउन बाध्य कसले बनायो? तिनै जनताको समर्थनमा ल्याएको व्यवस्थाविरुद्ध पुनः जनता आउनुपर्ने स्थिति कसरी सिर्जना भयो? यसमा को जवाफदेही हुने हो?

के नेपालका राजनीतिक दल जसले राजावादीको उक्त प्रदर्शनलाई आतंककारीको सुनियोजित घटना भनेर घोक्रो सुकाउँदै छन्, उनीहरू पनि विगतमा यो भन्दा कैयौं गुणा हिंसात्मक प्रदर्शनको जगमा स्थापित भएका हैनन्? के तपाईंहरूले पटक–पटक गरेको आन्दोलनमा सुरेश रजक जस्ता पत्रकार अनि सविन महर्जनजस्ता सयौं हजारौं नेपालीले मृत्युवरण गरेका हैनन्? हजारौं–लाखौं मानिस घरबारविहीन अनि घाइते भएका हैनन्? राज्य र निजी गरी अबौं–अर्बको क्षति भएको होइन?

यदि हो भने तपाईंहरूलाई नेपाली जनताले हत्यारा भन्ने कि नभन्ने? नेपालको प्रचलित कानुन अनुसार तपाईंहरू (विगतमा जनधनको क्षति हुने गरी भएका प्रदर्शन र आन्दोलनका कमान्डर)लाई कारबाही गर्ने कि नगर्ने?

हिजो कांग्रेस, माओवादी, एमाले या अरू कुन–कुन दलले कुन–कुन आन्दोलनको नाममा जनताको हत्या गरेका हुन् भन्ने कि नभन्ने? कति नेपालीको लत्पत्तिएको रगतको जगमा आफूलाई नेता स्थापित क–कसले ग¥यो? कुन तन्त्रको नायक भनेर कसले कसलाई स्वघोषणाा ग¬यो? उदारहणका लागि २०७२ सालमा टीकापुरमा भएको थारूहरूको आन्दोलनलाई हत्याकाण्ड र त्यसको नेतृत्वलाई हत्यारा करार गरेर जेल हालेको केही वर्षपछि पुनः उनीहरूसँगै झुकेको, उनीहरूसँगै मिलेर सरकार चलाइरहेको कुरा स्मरण गर्नु पर्दैन? यसबाट पनि जनताको मागलाई समयमै सम्बोधन गर्न नसके क्षति व्यहोर्नुपर्छ भन्ने बिर्सिएको हो? यी यस्ता थुप्रै साना–ठूला आन्दोलन र प्रदर्शनबाट आजसम्म लगातार सत्ताको स्वाद पाएर ’जुका जसरीझ त्यसैका निम्ति राजनीति गरेकाहरूले यसलाई मनन गर्नु पर्दैन?

यसो भन्दै गर्दा, म हिंसाको समर्थन गरिरहेको छैन। हिजो उनीहरूले मारे, आज यिनीहरूले मार्न पाउनुपर्छ यो पनि मैले भन्न खोजेको हैन। तर, राज्यविरुद्धको, व्यवस्थाविरुद्धको आन्दोलन या प्रदर्शन हुँदा सामान्यतया मर्ने र मारिने स्वाभाविक हो। जसलाई इतिहासले पुष्टि गर्दछ।

कुनै कुराको अन्त्य सहज हुँदैन। त्यसमाथि पनि सत्ता, शासन र शक्ति भनेको हर कोही पाउन चाहने र सहजै गुमाउन (छाड्न) नखोज्ने कुरा सत्य युगदेखि कलियुगसम्म आइपुग्दा पुष्टि भइसकेको कुरा हो । त्यसका लागि युद्ध अनिवार्य हुन्छ। भइरहेको थियो र भइराख्ने छ। तर, हरेक युद्धमा सत्ता पक्ष–विपक्ष हुन्छन् । युद्धका आ–आफ्नै नियम हुन्छ। सीमा हुन्छ, सीमितता हुन्छ। त्यो सीमा र सीमितता जब सत्तापक्षले तोड्छ तब विपक्षी (प्रदर्शनकारी÷सत्ताबिरोधी) प्रतिक्रियामा क्रोध, आवेग, उत्तेजना र शोकले ग्रसित भएर लाग्छन् । त्यसपछि प्रदर्शन या बिरोध युद्धमा परिणत हुन्छ । तब त्यो देशको मातृभूमि रणभूमिमा परिवर्तन हुन्छ । महाभारतदेखि पछिल्लो घटना क्रमसम्म आइपुग्दा यो कुरा पुष्टि भएकै छ।

त्यसैले के पुनः मुलुकलाई एकपटक रणभूमिमा परिणत गर्न सरकार र राजनीतिक दल तयार हो? म प्रश्न गर्न चाहन्छु । सरकारले राजनीतिक दलहरूको उक्साहटमा जसरी एकपछि अर्को राजावादीहरूविरुद्ध कदम चालिरहेको छ, यसले मुलुकलाई पुनः द्वन्द्वतर्फ उन्मुख त गर्दै छैन? फेरि देशमा विगतमा जस्तै थप हिंस्रक आन्दोलन सुरू हुने त हैन? शंका छ।

हुँदैन, सक्दैनन् राजावादी समर्थकहरू कम छन् भनेर भन्नेहरूले हिजोको इतिहास फर्किएर हेरुन् । तत्कालीन समयमा माओवादीहरूले राखेको मागलाई समयमै सम्बोधन नगर्दा, माओवादीमाथि तत्कालीन राज्य संयन्त्रले थप दमन गर्दा, माओवादी नेतृत्वको टाउकोको मूल्य तोक्दै सुरक्षाकर्मी परिचालन गर्दा देश कहाँ पुग्यो? नेपाल आमा र नेपालीहरूले कुन कान्तबिजोग भोग्नु प¥यो?

रोचक र स्मरणीय के छ भने हिजो सत्ता (तन्त्र) जोगाउन टाउकोको मूल्य तोक्नेहरू र टाउको जोगाउन (नयाँ तन्त्र) ल्याउन लागिपरेकाहरू आज सँगसँगै सत्ता साझेदार हुँदै आइरहेका छन्। हिजो परिवर्तनका नाममा मर्ने र मार्नेहरू आज पुनः एक पटक जनताको रगत बगाउन उद्धत छन् । हिजो परिवर्तनका नाममा हतियारसहित प्रदर्शनमा उत्रिएकाहरूले, खुलमखुला लुटपाट र हत्याकाण्ड मच्चाएकाहरूले आज तीनकुनेको प्रदर्शनलाई आतंककारी गतिविधि भन्न छाडेका छैनन्।

खैर, हिजो के भयो र भोलि के हुने छ यो त म जस्तो सामान्य नागरिकले आँकलन मात्रै गर्न सक्ने हो । तर, देशमा परिवर्तनको नाममा विगतमा र भविष्यमा हुने यस्ता खालको हत्या, हिंसा, अत्याचार र अन्यायलाई कहिल्यै सही भन्न सकिंदैन, कम्तीमा म भन्दिनँ।

किनकि, हाम्रो शास्त्रले स्पष्ट भनेको छ, ’अहिंसा परमो धर्मझअर्थात्, अहिंसा नै सबैभन्दा ठूलो धर्म हो। तर, यस्तो भन्दै गर्दा हिजो र आज पनि व्यवस्थाविरूद्ध या विभिन्न मागसहित प्रदर्शनमा उत्रिने सर्वसाधारण सबै अपराधी हुन्, हिंसा चाहनेहरू हुन त? भन्ने प्रश्न आउन सक्छ। सरकारको नेतृत्व गर्नेहरूले असल अभिभावकत्व निभाउन नसकेपछि, जनअपेक्षा अनुसार काम गर्न नसकेपछि, भाषण र प्रतिबद्धता गरेजस्तो विकास गर्न नसकेपछि, सुशासनको प्रत्याभूति गराउन नसकेपछि, भ्रष्टाचार, अन्याय, अत्याचारजस्तो अनैतिक र अधर्मयुक्त कर्ममा लिप्त हुन थालेपछि त्यसको प्रतिवादमा उत्रिएका जनताहरू हुन्। हिजोदेखि आजसम्म र भोलि पनि हुने यही हो। जनताको राष्ट्र र राष्ट्रिय हितको चिन्ता राख्दै, शान्तिको चाहाना राख्दै, समृद्धिको चाहाना राख्दै, सुशासनको चाहाना राख्दै, न्यायको आशासहित प्रदर्शनमा उत्रिन्छन्।

अन्ततः हाम्रो शास्त्रले स्पष्ट भनेको छ, ’धर्म हिंसा तथैव चःझ । अर्थात्, धर्मको रक्षाका लागि सत्य र न्यायको स्थापनाका लागि र अधर्मको अन्त्यका लागि गरिएको हिंसा पाप होइन, बरू धर्मको कर्तव्य हो। सायद यो कुरा आम नेपाली जनताले स्पष्ट बुझेका छन् । त्यसैले, अहिलेको परिस्थितिमा जनताको राज्यसत्ताप्रतिको वितृष्णालाई नजरअन्दाज नगरियोस्। न्याय, शान्ति, सुशासनको चाहना राख्ने नेपालीको मनोभावनालाई तुसारापात गर्ने सरकार उद्धत नहोस्। विगतमा भएका कमी कमजोरीमा आत्मलोचना गर्दै राज्यमा राष्ट्रिय सुरक्षा, रोजगारी, भ्रष्टाचाररहित जनतामुखी विकास र समृद्धिको प्रत्याभूत गराउन सरकार लागिपरोस्।

धर्म, न्याय, र सत्यको जगमा शासन चलाउन्। सत्य, धर्म, संयम, र सद्गुणको पालन गर्दै शासन सत्ता चलाउन र जनतालाई अहिलेकै व्यवस्थामाथि विश्वास दिलाउन सकुन्। यदि यसो गर्न सक्दैनन् भने हिजो जसरी राजाले हाँस्दै सत्ता त्यागे त्यसरी नै त्याग्न राजनीतिक दल र तिनका नेतृत्व तयार हुन्। राजा मर्दा राज्य हराउँदैन भनेजस्तै सरकारमा पटक–पटक गएर दशकौंदेखि शासन गर्दा पनि जनताको मनोभावना र आफ्नो प्रतिबद्धता अनुसार काम गर्न नसकेका तपाईंहरूको ठाउँमा पुनः जनताले कोही अरुलाई राख्नेछन्।

त्यसैले, सरकारले व्यवस्थाविरुद्ध सडकमा आन्दोलन गर्न, प्रदर्शन गर्न र आवाज उठाउन आएका नागरिक र तिनका नेतृत्वलाई राज्यले फेरि दमन नगरोस्। उनीहरूमाथि यस जनविद्रोह (प्रदर्शन)बाट सिर्जित दुःखद् परिस्थितिको दोष थुपारेर राज्य र राजनीतिक दल आफूहरूलाई पानीमाथिको ओभानो देखाउने दुष्प्रयास नगरुन्। अन्यथा, देश पुनः द्वन्द्वमा जानसक्ने प्रष्ट संकेत देखिन्छ। यसो भयो भने अधर्म हुने छ। तसर्थ, विगतमा भएका सर्वपक्षीय त्रुटि सुधार्दै संयम र गम्भीरतापूर्वक नेपाललाई ’रामराज्यझका रुपमा स्थापित गर्न सबै एकताबद्ध भई लागि पर्नु आजको आवश्यकता हो। यस कुरालाई समयमै सरकार र राजनीतिक दलहरूले जिम्मेवारीपूर्ण ढंगबाट मनन गर्नुको बिकल्प छैन।

यस विषम परिस्थितिमा आरोप–प्रत्यारोप, सत्तामा पुग्ने र सत्तामा टिक्ने, व्यवस्था परिवर्तन या पुनःस्थापना भन्दामाथि उठेर राष्ट्र र राष्ट्रिय हितका निम्ति सोचौं।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दभिर्कताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# हिंसात्मक र आपराधिक गतिविधिका दोषीलाई कारबाही गर्न जसपा अध्यक्ष यादवको माग

भक्तपुर, १८ चैतः जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले चैत १५ गते काठमाडौँको तीनकुनेमा भएको घटनाका दोषीलाई कारबाही गर्न माग गरेका छन ।

सोमवार रफत सञ्चार क्लब भक्तपुरले आयोजना गरेको पत्रकार सञ्चार संवाद कार्यक्रममा उनले कुनै पनि बाहनामा हुने आपराधिक र हिंसात्मक कार्य गर्नेलाई कारबाहीको दायरामा ल्याउनुपर्ने बताए ।

अध्यक्ष यादवले भने, "लोकतन्त्रमा सबैले आ–आफ्नो विचार राख्न र बोल्न पाउने अधिकार छ तर चैत १५ गते राजतन्त्र फर्काउने नाममा भएको हत्या, आगजनी र तोडफोडले लोकन्तान्त्रिक पद्धतिको खिल्ली उडाएको छ ।

त्यसदिन भएका सबै गतिविधि हिंसात्मक एवं आपराधिक भएकाले दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।"

एकात्मक राज्य व्यवस्थाको अन्त्य गर्दै लोकतान्त्रिक गणतन्त्रको स्थापना भइसकेको अवस्थामा फेरि एकात्मक शासन र हिन्दू राज्यसहितको राजतन्त्र स्थापना गर्नेहरूलाई सल्बलाउन नदिन राजनीतिक दल पनि सच्चिनुपर्ने उनको भनाइ थियो ।

लोकतान्त्रिक गणतन्त्र स्थापनापछि जनताले अपेक्षा गरेअनुसार राजनीतिक दलले सत्ताको बागडोर सम्हाले पनि जनताको चाहनाअनुसार काम हुन नसक्दा दलप्रति आक्रोस बढेको अध्यक्ष यादवले जिकिर गरे । "सङ्घीय सरकारले नै सङ्घीयताको सबल कार्यान्वयनमा अवरोधको भूमिका निर्वाह गरेको छ । प्रदेशलाई प्रदान गरिएका अधिकारमा रोक लगाएको छ । प्रहरी समायोजन, कर्मचारी समायोजन ऐनलगायत विभिन्न विषय अल्झाएर काम गर्न असक्षम बनाएको छ", उनको आरोप छ ।

# मुसहर बस्तीमा सामुदायिक शौचालय



लहान (सिरहा), १८ चैतः सिरहाको लहान नगरपालिका–२१ कलाबन्जरमा सामुदायिक शौचालय निर्माण गरी समुदायलाई हस्तान्तरण गरिएको छ ।

लहान नगरपालिका, नेपाल खानेपानी संस्थान, वाटर एड नेपाल, एङ्गलियन वाटर र दलित कल्याण युवा क्लबको संयुक्त साझेदारीमा सञ्चालित 'द विकन' परियोजनाअन्तर्गत निर्माण गरिएको उक्त शौचालय १४ कोठे रहेको छ । लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले मुसहर समुदायमा सरसफाइको कमीका कारण धेरै रोग लाग्ने र घरघरमा शौचालय बनाउँदा सही रुपमा प्रयोग नहुने हुँदा सामुदायिक शौचालय निर्माण गरी हस्तान्तरण गरिएको बताए ।

४१ घरधुरीले प्रयोग गर्ने शौचालय सञ्चालनका लागि मासिक प्रति घर परिवार रु एक सयका दरले रकम सङ्कलन गर्नेछन् । रु २८ लाख ६२ हजार आठ सय आठ लागतमा शौचालय निर्माण गरिएको परियोजनाका इञ्जिनियर सुन्दर साहले जानकारी दिए ।

दलित जन कल्याण युवा क्लबका कार्यकारी निर्देशक विनोदकुमार विशुन्केले लहान नगरपालिकाभित्र पाँच स्थानमा सामुदायिक शौचालय निर्माण गरी सञ्चालन गरिएको बताए । सो समुदायका स्थानीयले सामुदायिक शौचालय निर्माण भएका खुशी व्यक्त गरेका छन् । "शौचालय निर्माण भएपछि हामीलाई सजिलो भयो अब हामी बाहिर जादैनौँ", दिनाराम सामुदायिक शौचालय सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण सदायले भने ।

# सरकारले दोषीलाई कारबाही गर्छः गृहमन्त्री लेखक

काठमाडौँ, १८ चैतः नेपाल पत्रकार महासङ्घको टोलीले गृहमन्त्री रमेश लेखकलाई ध्यानाकर्षणपत्र बुझाएका छन ।

महासङ्घका महासचिव रामप्रसाद दाहालसहित आठ जनाको संयुक्त टोली चैत १५ गते तीनकुनेमा भएको हिंसात्मक प्रदर्शनका क्रममा सञ्चारमाध्यम र सञ्चारकर्मीलाई निशाना बनाएको भन्दै सरकारलाई घटनाको सत्यतथ्य छानबिन गरी आवश्यक कारबाही गर्न गृहमन्त्री लेखकलाई ध्यानाकर्षणपत्र बुझाएका हुन ।

ध्यानाकर्षण बुझ्दै गृहमन्त्री लेखकले उक्त घटना अराजक, हिंस्रक एवं सिद्धान्तबिनाको भीडले गरेको बताउँदै उक्त विषयमा सरकार गम्भीर भएको बताए । "तिनकुनेमा भएको अराजक भीडको कुनै निश्चित वाद, सिद्धान्त केही पनि थिएन, मात्रै आपराधिक कार्य गर्ने निश्चित उद्देश्य थियो", गृहमन्त्री लेखकले भने, "विध्वंश मच्चाउने झुण्डले उग्रता देखायो, त्यसको मार पत्रकारलाई पर्न गएको छ, यस विषयमा नेपाल सरकार गम्भीर छ ।"

हिंसात्मक प्रदर्शनका क्रममा सञ्चारकर्मी रहेको घरमा आगजनी गर्ने, एवं सञ्चार गृहमा र सञ्चारकर्मीलाई निशाना बनाएको विषयमा सरकारले सत्यतथ्य छानबिन गरी घटनाका दोषीलाई कारबाही गरिने गृहमन्त्री लेखकले बताए ।

उक्त घटनाबाट ज्यान गुमाएका पत्रकार सुरेश रजक र अन्य घाइते पत्रकारको विषयमा सरकार गम्भीर भएको र उक्त विषयमा के गर्न सकिन्छ भन्ने विषयमा सरकार लागिरहेको उनको भनाइ छ ।

# मुलुकभर ईद उल फित्र मनाइयो



काठमाडौँ, १८ चैतः ईस्लाम धर्मावलम्बीको चाड ईद (ईद उल फित्र) सोमवार मुलुकभर नमाज पढेर खुसी साटासाट गर्दै मनाइएको छ । मुस्लिम समुदायले एक महिनाको ब्रत (रोजा) बस्न तथा दान दक्षिणा दिन सफल भएको खुसियालीमा यो पर्व मनाउने गर्छन् ।

आजको दिनलाई 'ईद उल फित्र' भनिन्छ । 'ईद' को अर्थ खुसी साटासाट गर्नु हो । मुस्लिम समुदायले बिहानै उठेर नुहाइधुवाइ गरेर खुला स्थान वा नजिकको मस्जितमा गएर नमाज पढ्ने गर्छन् । नमाज पढेपछि परिवारजन तथा साथीभाईसँग भेटघाट गरेर खुसी सटासाट गर्ने प्रचलन रहेको मुस्लिम अगुवाको भनाइ छ ।

ईदमा विशेष नमाज समर्पण गरिसकेपछि आफूभन्दा ठूलाबडाबाट आशीर्वाद लिने र आफूभन्दा सानालाई आशीर्वाद दिने गरिन्छ । यस अवसरमा विभिन्न मिष्टान्न, परिकार खाने र खुवाउने परम्परा रहिआएको छ । मुस्लिम आयोगको अगुवाइ र धार्मिक संस्थासँगको सहकार्यमा काठमाडौँसहित विभिन्न जिल्लाबाट आइतबार साँझ चन्द्रमा देखिएको एकीन गरिएको र सोमवार सार्वजनिक बिदा दिन सरकारसमक्ष सिफारिस गरिएअनुसार भएको आयोगका कार्यवाहक अध्यक्ष महमदिन अलीले जानकारी दिए ।

गणतन्त्रको घोषणा भएपछि सरकारले ईदका अवसरमा सार्वजनिक बिदा दिँदै आएको छ । सरकारी तथ्याङ्कअनुसार मुलुकमा कुल जनसङ्ख्याको पाँच दशमलव नौ प्रतिशत मुस्लिम समुदायको जनसङ्ख्या छ । तराई÷मधेसका रौतहट, कपिलवस्तु, बारा र बाँके तथा पहाडका गोरखा, अर्घाखाँची र कास्कीलगायत जिल्लामा मुस्लिम समुदायको बाहुल्यता छ ।

कावा अध्यक्ष अलीले मुस्लिम समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउन आयोगले विभिन्न कार्यक्रम गर्दै आइरहेको बताए । उनले ईदका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण मुस्लिम दाजुभाई, दिदीबहिनीमा शुभकामना व्यक्त गरे । ईदले धार्मिक सहिष्णुतासहित एकता, सद्भाव र मित्रता कायम गर्न प्रेरणा प्रदान गर्ने अलीको विश्वास छ । त्यसैगरि पर्सामा इस्लाम धर्मावलम्बीहरुले ईद–उल–फित्र (ईद) सामाजिक सद्भाव कायम राख्दै मनाएका छन् । इस्लाम समुदायले पर्सामा रहेका ईदगाह तथा मस्जिदमा नमाज (प्रार्थना) गर्दै ईद पर्व हर्षोल्लाससहित मनाएका हुन् ।

वीरगञ्ज महानगरपालिका–२ स्थित ईदगाहचोकमा हजारौँ सङ्ख्यामा मुस्लिम समुदायले एकापसमा खुसी साटासाट गरेर ईद मनाएका छन् । वीरगञ्जका हिन्दू समुदायका धर्मावलम्बीले रमजानको अवसरमा इस्लाम समुदायका व्यक्तिलाई 'इफ्तार'को आयोजना गरेर शुभकामना आदानप्रदान गर्दै आएका छन् । यसले यहाँका समुदायबीच धार्मिक सहिष्णुता र भ्रातृत्वको विकास गराउँदै आइरहेको छ ।

वीरगञ्ज महानगरपालिका उपप्रमुख इम्तियाज आलमले हिन्दू र मुस्लिम समुदाय पुर्खौंदेखि सद्भाव र सहिष्णुता कायम राख्दै आएका बताए । "सदियौँदेखि हिन्दू र मुस्लिम समुदायले एकअर्काको चाडपर्वमा सामेल हुँदै आएका छौँ", उनले भने, "यसले सामाजिक सद्भाव र एकता कायम राख्न मद्दत पुर्‍याउँदै आएको छ ।"

वीरगञ्ज–२ छपकैयाँका नावाफ मियाँ सिद्धिकीले चाडपर्वलाई सामाजिक सद्भाव र भ्रातृत्व कायम गर्ने माध्यमका रूपमा अघि बढाउनुपर्ने बताए । "वीरगञ्जमा सबै धर्मावलम्बी एकापसमा सद्भाव कायम गरेर बसोबास गर्दै आएका छन", उनले भने ।

वीरगञ्जका मस्जिद तथा ईदगाहमा बालकदेखि ज्येष्ठ नागरिक उपस्थित भएका छन् । "हामी ईदको अवसरमा एक महिनासम्म भोकै बसेर रोजा 'व्रत' बस्यौँ । नमाज पढेर रोजा तोडेका छौँ", मुस्लिम समुदायका अगुवा मन्सुर अहम्मदले भने, "आज हामीले घरमा इष्टमित्र बोलाएर सेबई र अरु मीठो परिकार खाने र खुवाउने परम्परा छ ।"

ईदका दिन मुस्लिम समुदायका बर्तालु बिहानै मस्जिद र ईदगाहमा पुगी सामूहिक नमाज पढेर आफू तथा आफ्नो परिवारको तर्फबाट भएको गल्तीको क्षमायाचना गर्दै अल्लाह (भगवान)सँग आशीर्वाद लिने गर्दछन् । वीरगञ्जमा ईदगाहचोक, छपकैया, मुली, नगवा, नयकाटोलालगायत स्थानमा पुगी नमाज पढेर दुवाअर्थात् आशीर्वाद मागेको दृश्य देखिन्थ्यो । नमाज पढेर सकेपछि मुस्लिम समुदायले एकापसमा अङ्कमाल गर्दै ईदको शुभकामना साटासाट गरेका छन् ।

# रास्वपा सभापतिको जिम्म्पारीमा फर्किए रवि

काठमाडौ

रवि लामिछाने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सभापतिको जिम्मेवारीमा फर्किएका छन ।

रास्वपाको केन्द्रीय समितिको सोमवारको पहिलो बैठकले लामिछानेलाई सभापतिको जिम्मेवारी दिने निर्णय गरेको हो । उक्त बैठकमा कार्यवाहक सभापति अर्यालले धन्यवाद ज्ञापन गरे ।

त्यसपछि सभापति लामिछानेको सभापतित्वमा दोस्रो बैठक बसेको कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिए । उक्त बैठकमा पार्टी र सदनको गतिविधिबारे सदस्यबाट संक्षिप्त रिपोर्टिङ गरिएको थियो । सोही बैठकमा 'लिडरसिप एकेडेमी'को 'फ्लो चार्ट', जन यात्रा कार्यक्रम, अधिवेशन÷महाधिवेशन कार्यतालिका, पार्टीको राजनीतिक प्रतिवेदनमा आधारित देशव्यापी जागरण र बहस गर्ने विषयमा छलफल हुने जनाइएको छ ।

सहकारी ठगीलगायत चार कसुरमा आफूविरुद्ध अदालतमा मुद्दा दायर भएपछि लामिछाने सभापति पदबाट अलग भएका थिए । त्यसयता डोलप्रसाद अर्यालले कार्यवाहक सभापतिको जिम्मेवारी सम्हाल्नुभएका थिए । लामिछानेले जनताका असन्तुष्टीलाई सम्बोधन गर्न शान्तिपूर्ण अभियानका लागि तयार हुन पार्टीपक्तिलाई आह्वान गरेका छन ।

रास्वपाको केन्द्रीय समितिको बैठक बस्नुअघि सोमवार पार्टी कार्यालय चमतिमा उपस्थित शुभेच्छुक एवं कार्यकर्तालाई सम्बोधन गर्दै उनले भने"जनतामा रहेको आक्रोशलाई सम्बोधन गर्न हामी तयार हुनुपर्छ, कसैलाई गाली गरेर, होच्याएर केही हुनेवाला छैन, शान्तिपूर्ण अभियान मर्न दिनु हुदैन",। बैठकमा बोल्दै लामिछानेले गणतन्त्र भनेको ओली तन्त्र र देउवा तन्त्र नभएको बताए । उनले गणतन्त्र भनेको जनताको तन्त्र भएको र त्यो झन्डा आफुहरुले बोक्ने बताए ।

उनले सबै व्यवस्थाको उत्कृष्टताको परीक्षा दिनुपर्ने बताउँदै त्यसमा केही पास भएको र केही फेल भएको बताए ।उनले जनताको आंकाक्षहरु पुरा गर्न तिन दल असफल सावित भईसकेको बताए ।

हालको सविधान र व्यवस्था अन्तर्गत सुधारिएको अभ्यास र आवश्यक परिणामको लागि र यसलाई पास गराउन अब आफुहरुले नेतृत्व लिने उनले बताए ।उनले यो सबैको लागि आफु सङ्गठनमा भारी रूपमा फेरबदल र पुनर्संरचनामा जान चाहेको बताउँदै सबैलाई तयार रहन आग्रह गरे ।उनले नख्खुमा बाढी पहिरोको चपेटामा परेका ४ नागरिक बचाउन भिजिबिलिटी नपुगेको गृह मन्त्रालय र गत शुक्रबार तीनकुनेमा ४ हजारलाई सम्हाल्न नसकेको सरकारले सबै शक्ति केवल रास्वपामा प्रयोग गरिरहेको समेत उनले बताए ।ओली नेतृत्वको गठबन्धनले अर्को प्रहार गर्न सक्ने भन्दै अहिलेको पार्टी संरचना अझै सबल र सशक्त हुन आवश्यक रहेको बताए ।उनले अरू दलमा अवसर नपाएर मात्रै आउने ठाउँ राष्ट्रिय स्वतन्त्र पार्टी नभएको उल्लेख गर्दै देश बनाउनको लागि एक ठाउँमा आएर अभियानमा लाग्ने पार्टी भएको बताए ।

# तीनकुने घटनाका दोषी कसैले उन्मुक्ति पाउँदैनः प्रधानमन्त्री ओली

काठमाडौँ, १८ चैतः प्रधानमन्त्री केपी शर्मा ओलीले तीनकुने घटनाका दोषी कसैले पनि उन्मुक्ति नपाउने बताएका छन ।

प्रतिनिधिसभाको सोमवारको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले गत शुक्रबार काठमाडौँमा दुईवटा विरोधसभा आयोजना भएकामा समाजवादी मोर्चाको विरोध लोकतान्त्रिक र विधिसम्मत भए पनि पूर्वराजाको समर्थनमा भएको विरोध संविधान विरोधी रहेको स्पष्ट पारे ।

पूर्वराजा ज्ञानेन्द्र शाह पनि तीनकुने घटनाका लागि जिम्मेवार रहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले घटनामा संलग्न दोषी सबैलाई कारबाही गरिने हुने दृढता व्यक्त गरे । तीनकुने घटनाबारे सरकार गम्भीर रहे पनि संसदमै रहेका दल आन्दोलनमा सहभागी रहेकाले सम्भावित हिंस्रक घटनाको कल्पना नगरिएको उनले बताए ।

"यही चैत १५ गते दुईवटा रणनीतिक कार्यक्रमबारे प्रशासनलाई जानकारी गराइएको थियो । दुवै कार्यक्रम शान्तिपूर्ण र संवैधानिक दायराभित्रको भनिएको थियो । शान्ति, सुव्यवस्था कायम राख्दै विरोध, आलोचना गर्न पाउने संवैधानिक अधिकार सुनिश्चित गर्न सरकारले हुनसक्ने अवाञ्छित घटनाप्रति आयोजकहरुलाई सचेत गराएको थियो", प्रधानमन्त्री ओलीले भने, "यस सम्मानित सदनमा राम्रो उपस्थिति रहेका दलहरुको मूल नेतृत्वमा 'सामाजवादी मोर्चा'ले काठमाडौँको प्रदर्शनी मार्गमा भव्य सभा गर्‍यो । आफ्नो धारणा सार्वजनिक गर्‍यो । सरकारलाई खबरदारी गर्‍यो । संविधान र व्यवस्थाप्रति आफ्नो प्रतिबद्धता जनायो । शालीन जुलुससहित भएको त्यस कार्यक्रमका आयोजकहरुलाई धन्यवाद ज्ञापन गर्दछु । हाम्रो सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्ने विधि यस्तै हो भन्ने म ठान्दछु ।"

काठमाडौँको तीनकुनेमा अर्को सभाका लागि स्थान दिइएकामा त्यस कार्यक्रममा आयोजक को हुन् भन्नेमा केही आशङ्का र द्विविधा रहेका पनि प्रधानमन्त्री ओलीको भनाइ छ । त्यस कार्यक्रमको उद्देश्यमाथि आशङ्का गर्ने आधार रहेको र त्यसका आयोजकमध्ये केही व्यक्ति सदनमा उपस्थित दलका नेताहरुको पनि सहभागिता रहेकाले कार्यक्रमप्रति द्विविधासमेत रहेको उनले बताए ।

तीनकुने घटनामा जुन उद्देश्यले कार्यक्रम गर्ने भनिएको थियो, त्योभन्दा फरक र हिंस्रक प्रकृतिको प्रदर्शन त्यहाँ भएको प्रधानमन्त्री ओलीले बताए । "तीनकुनेका आयोजकहरुले पहिले प्रशासनलाई जानकारी गराएअनुसार सभा गरेनन् । उत्तेजक प्रदर्शन र अराजनीतिक नारासहित भीड सलबलाउन थाल्यो । सभा वा मन्तव्य हैन, प्रदर्शनको कथित 'जनकमाण्डर' आफैँले हाँकेको गाडी प्रहरीमाथि नै चढाउनेगरी निषेधित क्षेत्र तोड्न दौडाइयो", प्रधानमन्त्री ओलीले भने, "भीड नियन्त्रण गर्न प्रशासनले गरेको प्रयासका विरुद्ध, प्रहरीको बन्दुक खोस्ने, गुण्डागर्दी र कुटपिट गर्ने, लुटपाट गर्नेजस्ता वारदात सुरु गरियो ।"

उक्त घटनामा निजी व्यक्तिको घर, सार्वजनिक भवन, सञ्चारगृह, पार्टी कार्यालय, औषधि कारखाना र सवारीका साधनमाथि ढुङ्गामुढा गर्ने, तोडफोड गर्ने, आगजनी गर्ने र डिपार्टमेन्टल स्टोरहरु लुटपाट गर्नेजस्ता आपराधिक घटना भएको प्रधानमन्त्री ओलीले संसदमा बताए । "निजी व्यक्तिको घरमा आगजनी मात्रै गरिएन मानिसलाई भित्रै थुनेर बाहिरबाट ताला लगाई जिउँदै डढाउने हिंस्रक, आततायी कार्य भयो । सुरक्षाका हिसावले अति संवेदनशील 'अन्तरराष्ट्रिय विमानस्थल'मा आगजनी गर्ने र 'प्रज्वलनशील पदार्थ'मा आगो लगाई विस्फोट गराउने आतङ्ककारी कामसमेत भयो । प्रहरीका सवारीसाधन मात्रै हैन, आगो निभाउन पुगेका दमकलमाथि आक्रमण गरियो," उनले भने ।

यस्ता क्रियाकलाप निन्दनीय र खेदजनक रहेको उनले स्पष्ट पारे । साथै घटनामा संलग्नहरुमाथि अनुसन्धान गरी कारबाही गरिने प्रतिबद्धता उनले व्यक्त गरे । घटनाको विस्तृत अनुसन्धान गरी गृहमन्त्रीमार्फत संसद्लाई जानकारी गराइने पनि प्रधानमन्त्री ओलीले बताए । "घटनामा संलग्न जोसुकै होऊन्, जुनसुकै 'कभर'मा किन नहोऊन्, कडा प्रशासनिक कारबाही हुन्छ । घटनाको विस्तृत विवरण उपयुक्त समयमा गृहमन्त्रीज्यूले यस सदनमा राख्नु हुनेछ," उनले भने ।

घटनामा संलग्नहरुमाथि छानबिन सुरु भइसकेको र यसका योजनाकार तथा संलग्नमाथि सरकारले छानबिन र अनुसन्धान गरिरहेको प्रधानमन्त्री ओलीको भनाइ छ ।

तीनकुने घटनाको पृष्ठभूमिका रुपमा करिब एक वर्षअघि देखिको घटनालाई अध्ययन गर्नु आवश्यक रहेको पनि उनले बताए । "सरकार, व्यवस्था र संविधानप्रति अनास्था, घृणा र भ्रम फैलाउन एउटा तत्व त्यसै बेलादेखि क्रियाशील थियो । मौका खोजिरहेको थियो," उनले भने, "धर्म, संस्कृति, परम्पराजस्ता संवेदनशील विषयमा अनावश्यक टिप्पणी गरी साम्प्रदायिक सद्भाव बिथोल्ने र खास समुदायमाथि आक्रमणमा उक्साउने काम गर्दै थियो । ऋण तिर्न पर्दैन भन्दै ऋणीहरुको भावनात्मक संवेदनामाथि खेल्ने र बैङ्क वित्तीय संस्था ध्वस्त पार्ने खेतीमा त्यो तत्व सक्रिय थियो ।"

पूर्वराजा ज्ञानेन्द्र शाहले गत फागुन ७ गते आफू 'अघि बढ्ने, साथ देऊ' भन्दै वक्तव्यबाजी गरेलगत्तै ठाउँठाउँमा स्वागत कार्यक्रम राख्दै जनमत भड्काउने काम सुरु भएको प्रधानमन्त्री ओलीको भनाइ छ । "प्रारम्भिक अध्ययनमा यी सबै घटनाले स्पष्ट पार्छ, पूर्वराजा शाहले संविधानसभाको ऐतिहासिक निर्णयपछि भएको सम्झौताको उल्लङ्घन गर्नुभएको छ," ओलीले भने ।

पूर्वराजा ज्ञानेन्द्र शाहलाई नागरिकको हैसियतमा शान्त जीवन बिताउने, नागरिकको कानुनी र संवैधानिक अधिकार प्रयोग गरी व्यापार–व्यवसाय सञ्चालन गर्ने, पूर्वराष्ट्रप्रमुखको हैसियतमा सरकारले सुरक्षाको प्रबन्ध गर्ने र उनलाई नागार्जुन दरबार प्रयोग गर्न र उनको मातालाई प्रयोग गरिरहेको नारायणहिटी दरबार परिसरको भवन प्रयोग गर्न दिने सहमति भएकामा पूर्व राजा शाहले उक्त सहमति विपरीतका क्रियाकलापहरु गरिरहेको प्रधानमन्त्री ओलीको भनाइ थियो ।

तीनकुने घटनाका दोषी कसैले पनि उन्मुक्ति नपाउने प्रतिबद्धता प्रधानमन्त्री ओलीले संसद मार्फत जनाए । "आपराधिक घटनमा संलग्न कसैले पनि उन्मुक्ति पाउँदैन, पाउनु हुन्न । यसमा तत्कालीन राजा शाहले पनि उन्मुक्ति पाउनु हुन्न," उनले भने, "फेरि राजा बन्छु, व्यवस्था मास्छु भन्नेले यी सबै शृङ्खलाबद्ध घटनामा आफ्नो धारणा सार्वजनिक गर्नु पर्दैन ?

प्रधानमन्त्री ओलीबाट सम्वोधन भइरहँदा राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरूले नियमापत्ति गर्दै विरोध जनाएका थिए ।

# टोखाले मुटु रोग उपचारका लागि नगरवासीलाई ५० हजार

काठमाडौँ, १८ चैत ः काठमाडौँको टोखा नगरपालिकाले मुटु रोग उपचारका लागि नगरवासीलाई उपचारका लागि रु ५० हजारसम्म उपलब्ध गराउने भएको छ ।

काठमाडौँको उत्तरी क्षेत्रमा रहेको टोखाले आर्थिक वर्ष २०८१÷८२ को हिउँदे नगरसभाबाट संशोधन गरेर रु १० लाख बजेटबाट नगरवासीलाई मुटु रोग उपचारमा रु ५० हजारसम्म सहयोग गर्न लागेको हो ।

टोखाले नगरवासीलाई मुटु रोग उपचारका लागि आइतबार सहिद गङ्गालाल हृदयरोग केन्द्रसँग सम्झौतासमेत गरेको छ । सम्झौतापत्रमा टोखा नगरपालिकाका तर्फबाट नगर प्रमुख प्रकाश अधिकारी र अस्पतालका तर्फबाट कार्यकारी निर्देशक प्राडा रवि मल्लले हस्ताक्षर गरेका छन ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले मुटु रोग उपचारका लागि नगरवासीलाई थोरै भए पनि राहत पुग्ने उद्देश्यले उक्त कार्यक्रमलाई अगाडि बढाइएको बताए । “टोखाले वडाको सिफारिसका आधारमा प्रतिव्यक्ति रु २५ हजार र गरिब तथा विपन्न वर्गका लागि रु ५० हजारसम्म सहयोग गर्नेगरी सम्झौता गरेको छ, यसले टोखाका बासिन्दालाई थोरै भए पनि मुटुरोगको उपचारमा सहयोग पुग्नेछ”, नगरप्रमुख अधिकारीले भने ।

उक्त सेवा लिनका लागि नगरवासीले स्थायी बसोबास गरेको देखिने नागरिकताको प्रमाणपत्र, बसाइँसराइको प्रमाणपत्र, अतिविपन्न नागरिक भएको वडा कार्यालयको सिफारिसपत्र आवश्यक पर्नेछ । यस्तै, नगरभित्र स्थायी बसोबास गर्ने जोसुकैले पनि मुटुको उपचार गर्दा रु २५ हजार सहयोग पाउनेछन् ।

बिरामीको उपचार गरेपश्चात् सम्झौताअनुसारको रकम लिनका लागि अस्पतालले नगरपालिकामा आवश्यक कागजात पेस गरेर मात्र लिन सक्ने व्यवस्था सम्झौतापत्रमा उल्लेख गरिएको छ । अस्पतालका कार्यकारी निर्देशक प्राडा मल्लले नगरपालिकाको सम्झौताअनुसार अस्पतालले सेवा प्रदान गर्ने बताए ।

कार्यक्रममा टोखाका उपप्रमुख मुरारी तामाङ, प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर विसीलगायत टोखाभिका वडाअध्यक्षहरुको सहभागिता रहेको थियो ।रासस

# मकै छोडेर कफीखेतीमा महाभारतका किसान

**धुलिखेल**



काभ्रेपलाञ्चोकको महाभारत गाउँपालिका–५ मुख्य टोलका नीरज पुलामीले कफीखेतीबाट आम्दानी लिन थालेको तीन वर्ष भयो । मकैको तुलनामा कफी खेतीबाट धेरै आम्दानी हुने भएपछि अहिले उनि मकै छाडेर कफी खेतीमा लागेका छन ।

यसअघि उनि मकै खेतीको भरमा थिए । तीन वर्ष अगाडि छ सय बोट कफी रोपेर खेती सुरु गर्नुभएका उनले हाल नयाँ बोटहरु रोप्ने तयारीमा बारीभरि खाल्डो खने । “यसवर्ष मात्रै चार सय किलो फल्यो”, उनले भने, “केही बिक्री भयो, केही बाँकी छ ।” दाजुभाईकोसहित गरेर उनिहरुले १८ रोपनीमा कफी लगाउका छन । कफी काँचो प्रति केजी रु एक सय ३० र सफा गरेर सुकाएपछि रु आठ सय ३० सम्ममा बिक्री गरे उनले बताए ।

करिब १० वर्ष अगाडिदेखि थोरै मात्रामा कफी खेती सुरु गरेका सोही गाउँका अर्का किसान लालबहादुर मोक्तानले पनि मकै खेतीभन्दा कफीबाट राम्रो आम्दानी भएपछि कफी खेतीलाई प्राथमिकता दिएका छन । स्थानीय सरकारले सिँचाइको व्यवस्था गरिदिएमा अझ उत्पादन वृद्धि गर्न सकिने मोक्तानको भनाइ छ ।

नीरज र लालबहादुर मात्रै होइनन् । यहाँका अधिकांश किसान कफीखेतीतर्फ आकर्षित भएका छन् । उत्पादन भएको कफी बिक्रीका लागि बजारसम्म धाउनु नपर्ने, घरमै खरिद गर्न व्यापारी आउने भएकाले पनि जिविकोपार्जनमा टेवा पुगेको स्थानीय कान्छा ब्लोन बताएछन । मकैले खाद्यान्नका रुपमा मात्रै धान्ने गरेकामा कफीबाट नगद प्राप्त गर्न सकिने भएकाले मकैभन्दा कफी सबैको रोजाइ बन्न थालेको उनले बताए ।

महाभारत गाउँपालिका–४ कोलटार लामागाउँका जगतबहादुर र शङ्खलाल थोकरले कफी खेती गरेर वार्षिक रु १५ लाखभन्दा बढी आम्दानी गर्दै आएका छन ।

वडा नं. ५ का वडा अध्यक्ष विजय राना मगरले किसानहरुले कफी खेतीमा चासो दिनथालेपछि कफी उत्पादनलाई अभियानकै रुपमा अगाडी बढाएको बताए । त्यसमा सिँचाइको आवश्यक भएकाले गाउँपालिका र प्रदेश सरकारले सहयोग गरेमा यहाँको किसानको जीवनस्तर परिवर्तन गर्न सकिने उनँको भनाइ छ ।

महाभारत साना किसान कृषि सहकारी संस्था लिमिटेडले कफीका लागि आवश्यक तालिम, प्रशोधन गर्ने मेसिन, सुकाउने तारजाली, त्रिपाललगायतका सामग्री सहहयोग गर्दै आएको संस्थाका अध्यक्ष हस्तबहादुर दर्लामीले बताए ।

महाभारत गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बाले गाउँपालिकाले किसानको आर्थिक उपार्जनमा सहयोग पु¥याउने गतिलो माध्यम कफी खेती भएकाले पालिकाले अनुदानमा खेतीलाई व्यवसायीकरण गर्दै लगेको बताए । डाँडापारिको जनताको लागि पहिलो आवश्यकता बाटो र बिजुली रहेकामा त्यसलाई पूरा गरेर हाल नागरिकको जीवनस्तर माथि उठाउन कफी उत्पादनमा जोड दिएको र बिरुवा वितरण, प्रशोधन उपकरणलगायत अन्य सामग्री वितरण गर्दै आएको उनले बताए ।

कफी खेतीलाई वृद्धि गर्न पालिकाको ‘जसले रोप्छ कफीको बोट, उसले पाउँछ २० को नोट’ अभियान चलाएको र सो विवरण कृषि शाखामा पेस गरेर एक बोट बराबर रु २० का दरले अनुदान दिँदै आएको उनको भनाइ छ । सोही योजनाअनुसार वडा नं. ५ मा कफी उत्पादन अभियानलाई प्रभावकारी बनाउन बागमती प्रदेश सरकारसँगको साझेदारीमा ‘समुदायमा आधारित एक वडा, एक उत्पादन’ कार्यक्रम लागू गरिसकेको उनले बताउनुभयो ।

कृषि विकास कार्यालय प्रमुख कुलप्रसाद दवाडीले महाभारत गाउँपालिकामा गत वर्षबाट सामुदायमा आधारित एक वडा, एक उत्पादन कार्यक्रम सञ्चालन हुँदै आएकामा यसवर्ष कफी उत्पादनको क्षेत्रमा उत्पादन गुणस्तर र उत्पादकत्व वृद्धिका लागि कफी प्रशोधन प्रविधि विषयक तालिम प्रदान गरिएको बताए । महाभारत गाउँपालिकामा कफी उत्पादनको काम सम्झौता गरेर कार्यान्वयनको चरणमा अगाडि बढाइसकेको र खानीखोला गाउँपालिकामा सम्झौताको चरणमा रहेको उनले जानकारी दिए ।

यस वर्ष मात्रै ४० हजार कफीको विरुवा वितरण गर्ने र गरिरहेको खेतीलाई प्रविधिमैत्री बनाएर गुणस्तरीय कफी उत्पादनमा जोड दिने कृषि कार्यालयले जनाएको छ । त्यसका लागि किसानलाई पलपर मेसिन, सुकाउनका लागि त्रिपाल वितरण र कफीमा देखिने रोगका समस्या समाधानका लागि तालिम दिइरहेको कार्यालय प्रमुख दवाडीको भनाइ छ ।

यसवर्ष सो वडामा प्रदेश सरकारको रु ३० लाख, गाउँपालिका र किसानको १०÷१० लागत गरी रु ५० लाख लागत साझेदारीमा कफी प्रशोधनमा प्रविधिको प्रयोग र सामग्री वितरण भइरहेको छ । रासस

# गजेन्द्र मोक्ष धामबाट मुक्तिनाथ रथ यात्राको शुभारम्भ



(बर्दघाट सुस्ता पश्चिम), १८ चैतः लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले त्रिवेणीस्थित गजेन्द्र मोक्ष धामबाट मुक्तिनाथका लागि ऐतिहासिक रथ यात्राको शुभारम्भ गरेका छन ।

कालीगण्डकीका शालिग्राम तथा मुक्तिनाथको प्रचारप्रसार तथा धार्मिक आस्थालाई एकअर्कासँग जोड्ने उद्देश्यले आयोजना गरिएको यस यात्रामा श्रद्धालु भक्तजनहरूको उल्लेखनीय सहभागिता रहनेछ ।

कमलनयनाचार्य मुक्तिनाथ बाबाको सङ्कल्पअनुसार सुरु गरिएको रथ यात्रा त्रिवेणी, देवघाट, पोखरा, बागलुङ हुँदै मुक्तिनाथ पुग्नेछ । यात्राको शुभारम्भ गर्दै मुख्यमन्त्री आचार्यले धार्मिक पर्यटकीय गन्तव्यलाई एकआपसमा जोड्न आवश्यक रहेको उल्लेख गर्दै लुम्बिनी प्रदेशमा पर्यटन सर्किट निर्माण थालिएको जानकारी दिए ।

साथै, छिमेकी प्रदेश र अन्य क्षेत्रका धार्मिकस्थललाई परस्पर सम्बन्धित गर्दै पर्यटनको माध्यमबाट समृद्धि हासिल गर्न सकिने उहाँको भनाइ थियो । गण्डकीका शालिग्राम र मुक्तिनाथको प्रचारप्रसार गर्ने लक्ष्य राखिएको यस रथ यात्राले धार्मिक पर्यटन प्रवद्र्धनमा टेवा पु¥याउने अपेक्षा गरिएको छ ।

पर्यटकीय दृष्टिकोणले सुन्दर र पवित्र भूमि त्रिवेणी धामबाट सुरु भएको यो यात्रा श्रद्धालुका लागि महत्वपूर्ण रहनेछ । यात्रा शुभारम्भका अवसरमा लुम्बिनी प्रदेशका वन मन्त्री देवकरण कलवार, प्रदेशसभा सदस्य निमा गिरी, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा गोविन्द पोख्रेललगायत जनप्रतिनिधि, उद्योगी, व्यवसायीलगायतको उपस्थिति थियो ।रासस

# न्यून भिजिबिलिटीले कम्तीमा आधा दर्जन विमान डाइभर्ट

काठमाडौँ, १८ चैतः प्रतिकूल मौसमका कारण हवाई उडान प्रभावित भएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका अनुसार मौसममा आएको खराबीले ‘भिजिबिलिटी’ कमजोर हुँदा आन्तरराष्ट्रिय उडानतर्फका कम्तीमा आधा दर्जन विमान डाइभर्ट भएका छन् ।

बाक्लो तुँवालोका कारण न्यून भिजिबिलिटी हुँदा विभिन्न एयरलाइन्सका कम्तीमा आधा दर्जन विमान डाइभर्ट भएको विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाले जानकारी दिए । जजिरा एयर, एयर इन्डिया र फ्लाइ दुवईका विमान डाइभर्ट भएको उनले बताए ।

जजिरा एयरवेज र एयर इन्डियाका दुई विमान भारतको बनारस डाइभर्ट भए भने फ्लाइ दुवईको विमान भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा डाइभर्ट भएर अवतरण भएको प्रवक्ता शेर्पाले बताए । अन्य उडान भने केहीबेरको होल्डपछि अवतरण भएको जनाइएको छ ।

“आज बिहान एक हजार ६०० मिटर भिजिबिलिटी थियो, एयरलाइन्सको आवश्यक मापदण्ड अनुरुप अवतरणका लागि भिजिबिलिटी नपुगेकाले विमान डाइभर्ट भएका थिए”, “अहिले भिजिबिलिटी बढेर तीन हजार मिटर पुगेको छ, धुलो र तुँवालोका कारण विमान अवतरणमा समस्या भएको हो ।”

हाल देशमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको र सो मौसमी प्रणालीको प्रभावले कोशी प्रदेश र गण्डकी प्रदेशको पहाडी भू–भागको एक–दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा तथा उच्च पहाडी र हिमाली भू–भागका एक–दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

यसबाट दैनिक जनजीवन, कृषि, स्वास्थ्य, सडक तथा हवाई यातायातमा आंशिक प्रभाव पर्न सक्ने हुँदा त्यसबाट हुन सक्ने असरबाट बच्न आवश्यक उपाय र सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ ।रासस

# ‘विविधताबीचको एकताले राष्ट्रियता सबल’

गण्डकी १८ चैतः गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सामाजिक एवं सांस्कृतिक विविधताबीचको एकताले नेपाली राष्ट्रियतालाई सबल र सुदृढ बनाएको बताएका छन । इस्लाम धर्मावलम्बीहरुको महानपर्व ईद (ईद उल फित्र) पर्वका अवसरमा शुभकामना दिँदै उनँले यस पर्वले मुस्लिम समुदायको मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्बद्र्धन र विकासमा टेवा पुग्नुका साथै गण्डकी प्रदेश सरकारले लिएको ‘आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी’ को सङ्कल्पलाई सुदृढ गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

‘पवित्र रमजान महिनाको एक महिने व्रत समापनपछि मनाइने ईद उल फित्रको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति एवं समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु’ मुख्यमन्त्रीद्वारा आज जारी शुभकामना सन्देशमा उल्लेख छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषताले सुन्दर रहेको जनाउँदै उनले विभिन्न जातजातिका आ–आफ्नै विशिष्ट परम्परा, धर्म, संस्कृति, रीतिरिवाज र चाडपर्व रहेको बताए ।

उनले यस पर्वले सबै नेपालीलाई आपसी सद्भाव, दिगो शान्ति एवं भाइचारा अभिवृद्धि गर्न प्रेरणा मिलोस् भन्ने कामना व्यक्त गरे ।रासस

# माकलबारीमा गाडिएको शव फेला, छजना पक्राउ

काठमाडौँ, १८ चैत ः काठमाडौँको गोकर्णेश्वर नगरपालिका–८ माकलबारीमा गाडिएको अवस्थामा एक युवकको शव फेला परेको छ । सर्लाहीको चक्रघट्टा गाउँपालिका–८ का १९ वर्षीय राहुल साहको शव माकलबारीमा सञ्चालित आरके मोटरसाइकल वर्कसपको पछाडि रहेको जमिनमा गाडिएको अवस्थामा फेला परेको हो ।

प्रहरीले उक्त घटनामा संलग्न भएको आरोपमा एक भारतीय नागरिकसहित पाँच नेपालीलाई पक्राउ गरेको छ । लेनदेनको विषयलाई लिएर उनको हत्या भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए ।

गोकर्णेश्वर नगरपालिका–५ बाहुनधारामा बसोबास गर्दै आएका साह यही चैत ११ गतेदेखि हराइरहेको भनी प्राप्त सूचनाका आधारमा प्रहरी वृत्त बौद्धको टोलीले खोजी थालेको थियो । प्रहरीले उक्त घटनामा संलग्न सर्लाहीको चक्रघट्टा गाउँपालिकाका २२ वर्षीय निपु मण्डल, सोही ठाउँका १८ वर्षीय विजय यादव, १८ वर्षीय करनकुमार महतो, २३ वर्षीय जोधन मण्डल र ४५ वर्षीय उत्तम मण्डल तथा भारतीय नागरिक २९ वर्षीय २९ सुनिल शर्मालाई पक्राउ गरेको छ ।

निजहरुलाई काठमाडौँ जिल्ला अदालतबाट पाँच दिनको म्याद लिई अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।रासस

# सुनको मूल्य प्रतितोला ११ सयले बढ्यो



काठमाडौँ, १८ चैतः अन्तरराष्ट्रिय बजारमा भएको सुनको मूल्यवृद्धि, आकाशिदो डलर मूल्य, आन्तरिक माग व्यवस्थापनलगायत कारण स्थानीय बजारमा सुनको मूल्य हरेक दिन नयाँ उचाइ कायम गरिरहेको छ ।

गत शुक्रबार हालसम्मकै उच्च अङ्कको पुगेको सुनको मूल्य हिजो आइतबार पनि बढेको थियो ।

सोमवार फेरि नयाँ उचाइमा पुगेको छ ।

आइतबार प्रतितोला रू एक लाख ७६ हजार आठ सय कायम भएको सुनको मूल्य आज तोलामा रू एक हजार एक सय बढेर रू एक लाख ७७ हजार नौ सय कामय भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ । त्यस्तै, आज चाँदीको मूल्य प्रतितोला रू १० बढेर रू दुई हजार ३५ पुगेको छ ।

अन्तरराष्ट्रिय बजारमा आज सुन प्रतिऔंस तीन हजार ११४ अमेरिकी डलर हाराहारीमा कारोबार भइरहेको छ ।

# समाजका सबै क्षेत्रमा महिलाको सहभागिता बढाउन जरुरी

काठमाडौँ, १८ चैतः उद्योग, वाणिज्य तथा आपूर्तीमन्त्री दामोदर भण्डारीले समाजका सबै क्षेत्रमा महिलाको सहभागिता बढाउन जरुरी रहेको बताएका छन ।

गैरआवासीय नेपाली सङ्घ अन्तरराष्ट्रिय समन्वय परिषद् (एनआरएनए आइसिसी)ले माल्टामा आयोजना गरेको युरोपेली क्षेत्रीय सम्मेलन, २०२५ मा महिलाको सहभागितामा अझै चुनौतीहरु रहेको उल्लेख गर्दै सहभागिता सुनिश्चित हुनुपर्नेमा जोड दिए ।

“महिलाहरु धैर्यता, शालिनता र शक्तिका स्रोत हुन्, उहाँहरु आफ्नो पौरखले सभ्य समाज निर्माणमा लागिरहनुभएको छ”, मन्त्री भण्डारीले भने, “परम्परादेखि नै सभ्य, सन्तुलित र समुन्नत समाज निर्माणमा महिलाले नै अभिभारा लिएका छन् ।”

उनले पछिल्लो समय नेपालमा आमाका नामबाट पनि नागरिकता लिन मिल्ने व्यवस्था भएको उल्लेख गर्दै यो वर्तमान संविधानका कारण सम्भव भएको बताए । उनले महिलाहरु परिवारमा मात्रै सीमित नभइ मुलुक निर्माणका हरेक क्षेत्रमा सक्रिय सहभागिता हुनुपर्नेमा जोड दिएका थिए ।रासस

# राष्ट्रियसभाबाट पाँचवटै प्रतिस्थापन विधेयक बहुमतले पारित



काठमाडौँ, १८ चैतः राष्ट्रियसभाले पाँच वटा प्रतिस्थापन विधेयक बहुमतले पारित गरेको छ । सोमवारको बैठकमा सभाका अध्यक्ष नारायणप्रसाद दाहालले सबै विधेयक बहुमतले पारित भएको जानकारी गराए ।

'सुशासन प्रवद्र्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१', 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१', 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१' तथा 'निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१' र 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' पारित गरिएको हो । दोस्रोपटक विधेयकको नाममा प्रतिस्थापन उल्लेख नभएको भन्दै नियमापत्तीमार्फत बैठक रोकेको थियो । त्यसयता ५ दिन कुलमान घिसिङलाई नेपाल विद्युत प्राधिकरणबाट हटाएको विषयमा विरोध स्वरुप प्रतिपक्षी दलहरूले राष्ट्रिय सभा अवरुद्ध गरेका थिए । 'सुशासन प्रवद्र्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१', 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१', 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१' तथा 'निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१' र 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' पारित गरिएको हो ।

राष्ट्रियसभामा संशोधनसहित दफावार छलफलपछि विधेयक पारित गरिएको हो । सभाबाट पारित विधेयक सन्देशसहित प्रतिनिधिसभामा पठाइनेछ ।

राष्ट्रियसभाको अर्को बैठक यही चैत २५ गते सोमबार दिउँसो १ बजेर १५ मिनेटमा बस्नेछ । त्यसैगरि राष्ट्रियसभाले सोमवार पारित गरेका विभिन्न पाँचवटा प्रतिस्थापन विधेयकबारे प्रतिनिधिसभालाई जानकारी गराइएको छ ।

प्रतिनिधिसभाका सचिव हर्कराज राईले प्रतिनिधिसभामा उत्पति भएका पाँचवटा विधेयकका सम्बन्धमा राष्ट्रियसभाबाट प्राप्त सन्देशबारे जानकारी गराउनुभएको हो । यी विधेयकहरू राष्ट्रियसभाले संशोधनबिना पारित गरेको हो ।

सुशासन प्रवद्र्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१, सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१, निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ र आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि राष्ट्रियसभाबाट प्राप्त सन्देश बैठकमा टेबुल गरियो । सोमवार प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले 'लोक सेवा आयोगको ६५औँ वार्षिक प्रतिवेदन (२०८०/२०८१) र मधेशी आयोगको छैठौँ वार्षिक प्रतिवेदन (२०८०/०८१) पेस गर्नुभएको छ ।

# बागलुङका एक सय छ खानेपानी मुहानमा कोलिफर्म भेटियो



बागलुङ, १८ चैतः जिल्लाका एक सय छ खानेपानी मुहानमा दिशामा पाइने जीवाणु (कोलिफर्म) भेटिएको छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले जैमिनी नगरपालिका, काठेखोला गाउँपालिकासहित जिल्लाका १० स्थानीय तहका विभिन्न दुई सय ८५ स्थानमा कोलिफर्म परीक्षण गरेको थियो ।

सबैभन्दा बढी जैमिनी नगरपालिका र काठेखोला गाउँपालिकाको खानेपानीमा कोलिफर्म भेटिएको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रयोगशाला प्राविधिक डिल्ली आचार्यले जानकारी दिए । उनका अनुसार काठेखोलामा ४७ वटा मुहानमा परीक्षण गरेकामा २७ वटा र जैमिनीमा एक सय छ वटा मुहानमा परीक्षण गरेकामा ४४ वटामा भेटिएको हो ।

परीक्षणको दायरा बढाए अझै धेरै मुहानमा कोलिफर्म भेटिन सक्ने आचार्यको भनाइ छ ।

जनस्वास्थ्य कार्यालयले जिल्लाको निसीखोला, तमानखोला, ताराखोला, बरेङ, बडिगाड गाउँपालिका, गलकोट नगरपालिका, ढोरपाटन र बागलुङ नगरपालिकाका खानेपानीमा कोलिफर्म परीक्षण गरिरहेको छ । धेरै ठाउँबाट परीक्षण गर्न आग्रह गरेकाले विस्तारै सबै स्थानीय तहमा परीक्षण गरिने उनको भनाइ छ ।

आचार्यले भने, "हामीले जिल्लाको धेरै ठाउँमा पुगेर खानेपानीको मुहान परीक्षण गर्दा कोलिफर्म फेला परेको छ, कोलिफर्म भएको पानी पिउनका लागि उपयुक्त हुँदैन, यस्तो पानी पिउँदा झाडापखाला, हैजा, टाइफाइड, जण्डिस, हेपाटाइटिस बीलगायत पानीजन्य रोग लाग्छ, त्यसले गर्दा जनस्वास्थ्य कार्यालयले जनचेतना मुलक कार्यक्रम गरी रहेको छ ।"

जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले पालिकाले 'वास प्लान' बनाएको र सोहीअनुसार मुहान सरसफाइ र संरक्षणमा लाग्ने बताए । कोलिफर्म देखिएको मुहानलाई व्यवस्थित गरी आमनागरिकलाई पानी शुद्धीकरण गरेर मात्रै प्रयोग गर्न जनचेतना फैलाउने उनको भनाइ छ ।

"कोलिमर्फ नियन्त्रणका लागि नगरपालिकाबाट हुने प्रयास गर्छौं, अन्य निकायबाट प्राविधिक सहयोग लिन्छौँ, कोलिफर्मबाट पर्ने असरबाट बच्न आम नागरिकलाई सचेत बनाउँछौँ", उपप्रमुख शर्माले भने, "धेरै मुहानमा कोलिफर्म भेटिएकाले पानी शुद्धीकरण गरेर मात्रै प्रयोग गर्नुपर्ने हुन्छ, यसप्रति हामी गम्भीर भएका छौँ ।" रासस

# 'गोएएमएल'मा एक हजार छ सय बढी अनुसन्धानकारी निकाय आबद्ध

काठमाडौँ, १८ चैतः सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी रिपोर्टिङका लागि एकाइका रुपमा स्थापित अनुसन्धनात्मक प्रणाली (गोएएमएल) मा आबद्ध अनुसन्धानकारी निकाय र नियामक निकायको संख्या एक हजार छ सय ३९ पुगेको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरणअनुसार, अनुसन्धानकारी निकाय र नियामक निकायको संख्या क्रमशः वृद्धि हुँदै गएको हो । सूचक संस्थाहरूले एकाइमा सम्प्रेषण गरेका शंकास्पद कारोबार तथा गतिविधि प्रतिवेदनको संख्या आर्थिक वर्ष २०७९÷८० मा पाँच हजार नौ सय ३५ रहेकामा आव २०८०÷८१ मा सो सङ्ख्या करिब २४ प्रतिशतले वृद्धि भई सात हजार तीन सय ३८ पुगेको छ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ बमोजिम गर्नुपर्ने सूचक संस्थाले एकाइमा पेस गरेको सीमा कारोबारको संख्या आव २०७९÷८० मा १६ लाख ९८ हजार तीन सय ९८ रहेकामा आव २०८०÷८१ मा १६ लाख ९७ हजार सात सय १२ छ ।

वित्तीय जानकारी एकाइले आर्थिक वर्ष २०८०÷८१ को वार्षिक प्रतिवेदन प्रकाशन गरी सार्वजनिक गरेको छ । प्रतिवेदनमा एकाइको वार्षिक काम कारबाही तथा नेपालको सम्पत्ति शुद्धीकरण निवारण प्रणालीसम्बन्धी विवरण तथा जानकारी दिइएको छ ।

सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ बमोजिम गर्नुपर्ने रिपोर्टिङका लागि एकाइको गोएएमएल प्रणालीमा आबद्ध गरिएको छ ।

सो प्रणालीमा प्राप्त भएका अधिकांश शङकास्पद कारोबार एवं गतिविधि प्रतिवेदन, कर छलीसम्बन्धी, मौद्रिक एवं बैंकिङ, विदेशी विनिमय, बिमा, सहकारीसम्बन्धी, ठगीसम्बन्धी चिठ्ठा जुवा, सट्टेबाजीलगायत सम्बद्ध कसुरसँग सम्बन्धित रहेको पाइएको छ ।

प्राप्त शङ्कास्पद कारोबार तथा गतिविधि प्रतिवेदनमध्ये गत वर्षभन्दा ३४ प्रतिशतले वृद्धि भई आव २०८०÷८१ मा जम्मा विश्लेषण भएको सङ्ख्या एक हजार छ सय ३२ पुगेकामा सोमध्ये आठ सय ८९ वटा प्रतिवेदन थप अनुसन्धानका लागि कानुन कार्यान्वयन गर्ने निकायमा कारबाहीका लागि प्रवाह गरिएको छ ।

सोमध्ये सात सय ४६ वटा प्रतिवेदन एकाइले भविष्यमा थप जानकारी प्राप्त भएमा पुनःविश्लेषण गर्ने गरी अभिलेखीकरण गरेको छ ।

सन् २०२३ मा नेपालको तेस्रो चरणको पारस्परिक मूल्याङ्कन सम्पन्न भई एक वर्षको अवलोकन अवधिमा नेपालले विविध सुधार गरेको छ । हाल नेपाललाई वित्तीय कारबाही कार्यदल (एफएटिएफ) ले थप अनुगमनको सूचीमा राखेपछि नेपालले सोबाट बाहिरिन तथा समयबद्ध कार्ययोजना कार्यान्वयन प्रयास गरिरहेको छ ।

सम्पत्ति शुद्धीकरण तथा वित्तीय अपराधमा नेपालमा प्रयोग भइरहेका सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीसम्बन्धी कसुरको प्रकारका बारेमा उल्लेख छ ।

यसैगरी कसुर गर्ने प्रविधि, पद्धति तथा प्रवृत्तिहरु जस्तै हुण्डी, साइबर ठगी, अनलाइन अवैध खेल, अभौतिक सम्पत्ति, कर छली, भ्रष्टाचार, आयात तथा निर्यातको माध्यमबाट हुने सम्पत्ति शुद्धीकरणलगायतका विषय समावेश छ ।

# डलरको भाउ स्थिर हुँदा युरो बढ्यो अन्य मुद्रा कतिमा हुँदैछ कारोबार ?

काठमाडौ, चैत्र १८ । नेपाल राष्ट्र बैंकले सोमबारका लागि विदेशी मुद्राको विनिमयदर सार्वजनिक गरेको छ ।

जसअनुसार भारतीय रूपैयाँ १०० को खरिद दर १६० रूपैयाँ हुदाँ बिक्री दर १६०.१५ पैसा कायम गरिएको छ । सोवार अमेरिकी डलरको कारोबार भाउ स्थिर रहेको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विनिमय दर अनुसार आज एक अमेरिकी डललको खरिददर १३६ रूपैयाँ ४६ पैसा र बिक्रीदर १३७ रूपैयाँ ०६ पैसा कायम गरिएको छ ।

आज यूरोपियन युरो एकको खरिदमूल्य १४७ रूपैयाँ ७६ पैसा र बिक्रीमूल्य १४८ रूपैयाँ ४१ पैसा तोकिएको छ । यो मूल्य अघिल्लो दिनको तुलनामा ७७ पैसाले बढेको छ । यसअघि आइतबार एक युरोको खरिदमूल्य १४६ रूपैयाँ ९९ पैसा र बिक्रीमूल्य १४७ रूपैयाँ ६३ पैसा तोकीएको थियो ।

त्यस्तै, बेलायती पाउण्ड सटर्लिङ एकको खरिददर १७६ रूपैयाँ ६१ पैसा र बिक्रीदर १७७ रूपैयाँ ३८ कायम गरिएको छ ।

यता, अष्ट्रेलियन डलर एकको खरिददर भने ८५ रूपैयाँ ८० पैसा र बिक्रीदर ८६ रूपैयाँ १८ पैसा र क्यानेडियन डलर एकको खरिददर भने ९५ रूपैयाँ ३० पैसा र बिक्रीमा ९५ रूपैयाँ ७२ पैसा कायम गरिएको छ ।

उता, जापानी येन १० को खरिददर ९ रूपैयाँ ११ पैसा कायम हुदाँ बिक्री दर भने ९ रूपैयाँ १५ पैसा रहेको छ ।

चाइनिज युआन एकको खरिददर १८ रूपैयाँ ७९ पैसा तथा बिक्री दर १८ रूपैयाँ ८७ पैसा तथा दक्षिण कोरिया वन १०० को खरिददर ९ रूपैयाँ २८ पैसा तथा बिक्री दर ९ रुपैयाँ ३२ पैसा कायम गरेको जनाइएको छ ।

यसैगरी, आज कतारी रियाल एकको खरिदमूल्य ३७ रूपैयाँ ४४ पैसा र बिक्रीमूल्य ३७ रूपैयाँ ६० पैसा कायम गरेको राष्ट्र बैंकले साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ३८ पैसा र बिक्रीमूल्य ३६ रूपैयाँ ५४ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ १५ पैसा र बिक्रीदर ३७ रूपैयाँ ३२ पैसा तथा मलेसियन रिंगिट एकको खरिददर सोमबार ३० रूपैयाँ ७५ पैसा र बिक्रीदर ३० रूपैयाँ ८९ पैसा कायम गरेको छ ।

साथै, कुवेती दिनार एकको खरिददर ४४२ रूपैयाँ ७१ पैसा र बिक्रीदर ४४४ रूपैयाँ ६५ पैसा र बहराइन दिनार एकको खरिददर ३६१ रूपैयाँ ९७ पैसा र बिक्रीदर ३६३ रूपैयाँ ५६ पैसा तोकिएको राष्ट्र बैंकले जनाएको छ ।

# झापा, मोरङ र सुनसरीबाट लागुऔषधसहित ६ जना पक्राउ

विराटनगर – झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लाबाट प्रतिबन्धित लागुऔषधसहित आइतबार ६ जनालाई प्रहरीले पक्राउ गरेको छ।

झापाको अर्जुनधारा नगरपालिका–११ स्थित नयाँ बसपार्कबाट १९ वर्षीया बर्षा केदेमलाई २ ग्राम १९० मिलिग्राम ब्राउनसुगरसहित नियन्त्रणमा लिइएको हो।

त्यस्तै, झापाको मेचीनगर नगरपालिका–६ बाट ३८ वर्षीया संयोग बस्नेत र ३४ वर्षीय अंकित कार्कीलाई ९ ग्राम ७ सय ८० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ गरिएको छ।

सुनसरीको विजयपुरबाट प्रहरी टोलीले १८ वर्षीया आकृती परियारलाई ११७ क्याप्सुल ट्रामाडोल र ११७ ट्याब्लेट स्पास्पेनसहित पक्राउ गरेको छ भने इनरुवा नगरपालिका–९ का ३६ वर्षीय जितेन चौधरीलाई १ ग्राम ब्राउनसुगरसहित पक्राउ गरिएको छ। मोरङ केराबारी गाउँपालिकाबाट ३५ वर्षीय युवराज कटुवाललाई ३ ग्राम २५ मिलिग्राम ब्राउनसुगरसहित पक्राउ गरिएको हो। साथै, उदयपुरको रामपुर ठोक्सिला र कोठु प्रहरी चौकीबाट खटिएको संयुक्त टोलीले १५ किलो गाँजा बरामद गरेको छ।

प्रहरीले लागुऔषधको नियन्त्रण र बिक्रीवितरणमा संलग्न व्यक्तिहरूको खोजी कार्य जारी राखेको जनाएको छ।

# पर्यटन प्रवर्द्धनमा होटल व्यवसायीको भूमिका महत्वपूर्ण

काठमाडौँ, १८ चैतः नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले मुलुकको आन्तरिक र बाह्य पर्यटन प्रवद्र्धनमा होटल व्यवसायीको महत्वपूर्ण भूमिका रहेको बताएका छन ।

नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक होटल व्यवसायी सङ्घले नयाँ वर्ष २०८२ को पूर्वसन्ध्यामा आयोजित शुभकामना आदानप्रदानका अवसरमा उनले आन्तरिक र बाह्य पर्यटन प्रवद्र्धनमा साना तथा मझौला होटल व्यवसायीको महत्वपूर्ण भूमिका रहेको बताएका हुन । महामन्त्री थापाले कोरोनाबाट थला परेको नेपालको होटल क्षेत्रलाई आगामी आर्थिक वर्षको बजेटले सम्बोधन गर्नुपर्ने उल्लेख गरे । लगानीको वातावरण निर्माणमा सरकार लाग्नुपर्ने उनको भनाइ थियो ।

कांग्रेस केन्द्रीय सदस्य एवं पूर्वमन्त्री सीता गुरुङले व्यवसायसँगै राजनीतिलाई अगाडि बढाउन लोकतान्त्रिक होटल व्यवसायी सङ्घले महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरे । लोकतन्त्रवादी होटल व्यवसायी एकताबद्ध भएर अगाडि बढेमात्र लोकतन्त्रलाई जोगाउन सकिने उनको भनाइ थियो ।

कांग्रेस केन्द्रीय सदस्य एवं शुभेच्छुक संस्था समन्वय विभागका संयोजक अब्दुल सत्तारले पार्टीले निर्धारण गरेकै मितिमा लोकतान्त्रिक होटल सङ्घको अधिवेशन सम्पन्न गर्नुपर्ने बताए । व्यवसायीको समस्या समाधान गर्न कांग्रेस प्रतिवद्ध रहेको उनको भनाइ थियो ।

कांग्रेस केन्द्रीय सदस्य नैनसिंह महरले पर्यटन प्रवद्र्धनको क्षेत्रमा नेपालको होटल क्षेत्रले महत्वपूर्ण योगदान दिएको उल्लेख गरे । होटल क्षेत्रले नेपालको अर्थतन्त्रमा सहयोग गरेको उनको भनाइ थियो । कांग्रेस केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले देशभर बसाइँसराइको दर भयावह बन्दै गएको भन्दै चिन्ता व्यक्त गरे । उनले देशमा रोजगारी सिर्जना गर्न होटल व्यवसायीले खेलेको भूमिका सराहनीय रहेको बताए ।

कांग्रेस काठमाडौँका सभापति सबुजकृष्ण बानियाँले कांग्रेसले व्यवसायीको संरक्षण गर्न लाग्नुपर्ने बताए । कांग्रेसको शुभेच्छुक संस्थाका रुपमा स्थापना भएको लोकतान्त्रिक साना होटल व्यवसायी सङ्घले हाल देशभरका ४१ जिल्लामा आफ्नो जिल्ला शाखा गठन गरिसकेको सङ्घका अध्यक्ष लीलाप्रसाद ढकालले बताए । रासस

# पत्रकार महासंघको विभिन्न जिल्लामा ज्ञापन पत्र



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
काठमाडौँको तीनकुनेमा भएको विरोध प्रदर्शनक्रममा जिउँदो जलाइएका पत्रकार सुरेश रजक र सञ्चारगृहमा गरिएको तोडफोडको विरोध गर्दै नेपाल पत्रकार महासंघ मधेश प्रदेशले घोषित कार्यक्रमअनुसार मुख्यमन्त्री सतिश कुमार सिंहमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

मधेश प्रदेशका अध्यक्ष श्याम बन्जाराको अग्रसरतामा मुख्यमन्त्री निवासमा पुगेर ज्ञापनपत्र बुझाइएको हो । महासंघले मृतक पत्रकारको परिवारलाई क्षतिपूर्ति, घाइते पत्रकारको उपचार र अन्य मुद्दामा चाँडो कारबाही नगरे देशव्यापी आन्दोलनमा उत्रने चेतावनी दिएको छ । महासंघले घटनामा संलग्न सबैलाई फौजदारी अभियोगमा कारबाही गर्न र मृतक पत्रकारको परिवारलाई तत्काल क्षतिपूर्ति दिन सरकारसँग माग गरेको छ ।

महासंघले मृतक पत्रकारको परिवारलाई रोजगारी र उनको सन्तानको उच्च शिक्षाको प्रबन्ध मिलाउनका लागि सरकारसँग माग गरेको छ । पत्रकारको हत्या, सञ्चारगृह र सञ्चारकर्मीमाथि भएको आक्रमणको विरोधमा मधेश प्रदेशको हरेक जिल्लामा नेपाल पत्रकार महासंघको अगुवाइमा प्रमुख जिल्ला अधिकारीमार्फत ज्ञापनपत्र बुझाइएको छ । पर्साका सञ्चारकर्मीहरूले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएका छन् । घटना छानबिन गरी दोषीलाई कानूनी कारबाही गर्नुपर्ने माग राख्दै नेपाल पत्रकार महासङ्घ पर्सा शाखाले जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएको हो । नेपाल पत्रकार महासङ्घ पर्साका सचिव विजय चौहानले प्रमुख जिल्ला अधिकारी गणेश अर्यालमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र हस्तान्तरण गरेका थिए ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी अर्यालले घटना दुःखद र अस्वीकार्य भएको बताएका थिए । उनले ज्ञापनपत्र सम्बन्धित निकायमा पठाइने बताए । नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको घोषित कार्यक्रमअनुसार हरेक जिल्लामा नेपाल पत्रकार महासंघले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र र ध्यानाकार्षण गराएको छ । ध्यानाकर्षण पत्रमा प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारसमक्ष ज्यान गुमाएका पत्रकार हत्याबारे गहिरो अनुसन्धान गरी हत्यामा संलग्न सबैलाई फौजदारी अभियोगमा कारबाही गर्न तथा पत्रकारका परिवारलाई क्षतिपूर्ति दिन, मृतक पत्रकारको परिवारलाई रोजगारीको र सन्तानको शिक्षाको प्रबन्ध मिलाउन माग गरेको छ ।

साथै सञ्चारकर्मी र सञ्चारगृहमाथि आक्रमण गर्ने सबैलाई कानूनी कठघरामा ल्याउन, क्षति पु¥याएका सञ्चारगृह तथा सञ्चारकर्मीलाई यथोचित क्षतिपूर्ति र घाइते पत्रकारको उपचार व्यवस्था मिलाउन जोडदार माग गरेको छ । ध्यानाकर्षण पत्र बुझ्दै धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले पत्रकारको सुरक्षालाई गम्भीरताका साथ लिने प्रतिबद्धता व्यक्त गरे । पत्रकार महासङ्घ धनुषाले पछिल्लो समय पत्रकार तथा सञ्चारगृहमाथि भएका आक्रमणको भत्र्सना गर्दै यस्ता घटना दोहोरिन नदिन राज्य जिम्मेवार बन्नुपर्ने उल्लेख गरेको छ । साथै सातादिनभित्र माग सम्बोधन नभए सरकारविरुद्ध देशव्यापी आन्दोलनमा गर्ने महासंघले जनाएको छ । धनुषामा नेपाल पत्रकार महासंघका धनुषा अध्यक्ष पुरण साहको अगुवाइमा ज्ञापनपत्र बुझाइएको हो ।

त्यसैगरी पत्रकारको हत्या, सञ्चारगृह र सञ्चारकर्मीमाथि भएको आक्रमणको विरोधमा सर्लाहीका पत्रकारले सोमबार प्रमुख जिल्ला अधिकारीमार्फत सरकारको ध्यानाकर्षण गराएका छन् । नेपाल पत्रकार महासंघ सर्लाहीको अगुवाइमा जिल्लाका पत्रकारले जिल्ला प्रशासन कार्यालय मलङ्गवा पुगेर प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठमार्फत सरकारलाई ज्ञापनपत्र बुझाए । देशव्यापी आन्दोलन कार्यक्रमअन्तर्गत सर्लाहीमा प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाइएको नेपाल पत्रकार महासंघ सर्लाही शाखाका अध्यक्ष ओमप्रकाश ठाकुरले जानकारी दिए ।

# नेता कार्यकर्ता रिहाई मार्गदै राप्रपाको विरोध



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले आफ्ना नेता तथा कार्यकर्ताको रिहाइको माग गर्दै धनुषाको ढल्केबरमा विरोध प्रदर्शन गरेको छ । पार्टीका नेता र कार्यकर्ताहरूलाई झूटा मुद्दामा पक्राउ गरिएको भन्दै रिहाइको माग गरिएको हो ।

प्रदर्शनका सहभागीहरूले आरोप लगाउँदै भने, 'हाम्रो पार्टीका नेताहरूलाई गलत तरिकाले पक्राउ गरिएको छ ।

उनीहरूलाई तुरुन्त रिहा गरिनु पर्छ ।' उनीहरूले थपे, 'शुक्रबारको घटनामा मरेका व्यक्तिहरूलाई शहीद घोषणा गर्नुपर्छ र घटनाको निष्पक्ष छानबिन गर्नुपर्छ ।'

प्रदर्शनमा सहभागीहरूले सरकारका मन्त्रीहरूको राजीनामा दिने मागसमेत गरे । शुक्रबारको प्रदर्शनका क्रममा हिंसात्मक गतिविधि उक्साएको आरोपमा राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलसमशेर राणा लगायतका नेताहरू पक्राउ परेका थिए ।

उक्त प्रदर्शनमा राप्रपाका कार्यकर्ताहरूले नाराबाजी गर्दै चोकको परिक्रमा गरेका थिए ।

विरोध प्रदर्शनको नेतृत्व राप्रपाका मिथिला नगर अध्यक्ष पदनबहादुर मोक्तानले गरेका थिए ।

राप्रपाका नेताहरूले यस प्रदर्शनलाई राजनीतिक प्रतिशोधको रूपमा रहेको र सरकारले असंवैधानिक रुपमा उनीहरूको गिरफ्तारी गरेको आरोप लगाए । पार्टीका नेताहरूले यस घटनाको गम्भीर अनुसन्धान गर्न र दोषीहरूलाई कारबाही गर्नुपर्ने बताएको छ ।

# विद्यालयको नामै 'श्री ५'

**लोकेन्द्र प्रसाद यादव**
**सप्तरी ।**
बोदेबर्साईन नगरपालिका—७ मानराजास्थित समुदायिक विद्यालयको नाममा 'श्री ५' कायमै छ । संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको १७ वर्ष पुग्दा पनि 'श्री ५ महेन्द्र चुन्नी माध्यमिक विद्यालय मानराजा' को नाम परिवर्तन नभएको हो ।

२०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र राष्ट्र घोषणा गरेको थियो । बैठकले 'श्री ५ सरकार'का नामको सट्टामा 'नेपाल सरकार' राख्ने घोषणा गरेको थियो । सामुदायिक विद्यालयको नाममा हालसम्म पनि 'श्री ५' शब्द कायमै रहनु गम्भीर लापरबाही रहेको स्थानीय राजकिशोर यादवले बताए । 'देशमा गणतन्त्र आएको १७ वर्ष पुगिसक्यो । तर, विद्यालयलाई अहिलेसम्म गणतन्त्र आएन,' उनले भने, 'यस्तो हुनु सरकारी निकायको गम्भीर लापरबाही हो । शिक्षा जस्तो क्षेत्रमा किन र के कारण यस्तो त्रुटि भइरहेको हो भन्ने सम्बन्धमा सम्बन्धित निकायले ध्यान दिन आवश्यक छ ।'

यता नगरपालिकाका नगर शिक्षा अधिकृत रामसागर यादवले नेपालमा राजसंस्था हटेकाले विद्यालयको नामबाट पनि श्री ५ हट्नु पर्ने बताउँदै अभिभावक भेला माग गरी विद्यालय व्यवस्थापन समितिले निर्णय गरेर शिक्षा समितिमा पेश गरे नाम संसोधन गर्न पहल गरिने बताए । उनले भने, 'यसमा




अभिभावक भेला बसेर विद्यालय व्यवस्थापन समितिले विद्यालयको नाम फेर्न अनुरोध गरे शिक्षा मन्त्रालयबाट नाम फेर्न सकिन्छ । त्यसका लागि समन्वय गर्न हामी तयार छौँ ।'

विद्यालयका प्रधानाध्यापक हेमकिशोर यादवले तत्कालीन् समयमा राजा महेन्द्रले विद्यालयको इँट राखेर स्थापाना गरेको र सोही समयबाट विद्यालयका नाममा 'श्री ५' लेख्दै आएकाले आफूले पनि निरन्तरता दिएको बताए । नेपाल विधिवतरुपमा संघीय लोकतान्त्रिक गणतन्त्र राष्ट्र घोषणा भइसकेको अवस्थामा विद्यालयका नाममा 'श्री ५' लेख्नु व्यवस्थाविपरीत रहेको नेपाली कांग्रेस बोदे बर्साईन नगर सभापति दीपेन्द्र यादवको भनाइ छ । उनले विद्यालयको पुरानै नामले राजसंस्था कायमै रहेको झल्को दिएको भन्दै यसलाई तत्काल बदल्नुपर्नेमा जोड दिए ।

२००७ सालमा सप्तरीको साविक खडकपुर गाविसमा घर भएका स्थानीय शिक्षाप्रेमी बिन्देश्वरी प्रसाद यादवले विद्यालयलाई एक सय बिघा जग्गा प्रदान गरी बिन्देश्वरी जनता हाइस्कूल मानराजा नामाकरण गरिएको थियो । २०१३ सालमा सप्तरी भ्रमणमा आएका तत्कालीन राजा महेन्द्रले विद्यायलमा समेत भ्रमण गरेका थिए । पछि २०२४ सालमा स्थानीय गुन्जेश्वरी प्रसाद यादवले आफ्नो निजी सम्पत्तिबाट २८ बिघा जग्गा विद्यालयलाई दान गरे । सोही समयदेखि उनले बुबा चुन्नीलाल यादवका नाममा राजा महेन्द्रको नामसँग जोडेर विद्यालयको नाम 'श्री ५ महेन्द्र चुन्नी माध्यमिक विद्यालय मानराजा' कायम गराएका थिए । नाम हालसम्म कायमै छ ।

# ज्ञानेन्द्र अन्तिम राजा भन्नु उपयुक्तः निधि

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधिले पूर्वराजा ज्ञानेन्द्रको गतिविधि संविधान विपरीत रहेको बताएका छन् । सोमबार जनकपुरधाम–११ मा आयोजित कार्यक्रममा निधिले गणतन्त्र, संघीयता र लोकतन्त्रको पक्षमा यो देशका नागरिक नै मालिक रहेको र राजाको समयमा सार्वभौमसत्ता राजाको हातमा रहेको भए पनि अहिले लोकतन्त्रमा त्यसको अधिकार जनतामा सरेको बताए ।

निधिले भने, 'पूर्वराजा ज्ञानेन्द्रलाई पूर्वराजा भन्नु भन्दा अन्तिम राजा भन्नु उपयुक्त छ ।'

उनले यससँगै नेपालमा पुनः राजतन्त्र कहिल्यै नफर्किने दाबीसमेत गरे । उनले राजा ज्ञानेन्द्रको गतिविधि




संविधानको विपरीत रहेको भन्दै देशको जनता अब आफ्ना अधिकारको लागि सजग र सशक्त बनेको कुरा औँल्याए । नेपालमा राजतन्त्रको अन्त्यपछि भएको परिवर्तनलाई स्मरण गर्दै नेता निधिले भने, 'राजतन्त्रको समयमा नेपाली जनताले हरेक संकटमा राजालाई साथ दिएका थिए ।

तर, त्यसको बदला राजाले जनतालाई धोका मात्र दिएका छन् ।'

कार्यक्रममा वडा नम्बर ११ का १ सय २० जना जेष्ठ नागरिक र १८ जना अपाङ्गलाई सम्मान गरिएको थियो । त्यस्तै वडावासीका लागि निशुल्क आँखाको शिविरमा मोतियाबिन्दको उपचार पनि गरिएको थियो ।

वडाध्यक्ष अर्जुन चौधरीले आगामी केही दिनभित्रै वडाभरिका कक्षा ८ देखि कक्षा १० का विद्यार्थीको लागि निशुल्क कोचिङ कक्षा सञ्चालन गर्ने घोषणा गरे ।

# अतिक्रमणमुक्त अभियान तीव्र

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुर–जलेश्वर–भिठ्ठामोड सडकखण्ड अन्तर्गत जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर २३ लादोबेलादेखि बिन्धीसम्मको क्षेत्रमा वर्षौंदेखि अतिक्रमण गरेर बनाइएका संरचना हटाउने काम तीव्र गतिमा अघि बढाइएको छ ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामले सडकखण्डमा नाला निर्माणसहितको सडक संरचना बनाउनुपर्ने भएकाले अतिक्रमण गरेर बनाइएका घरटहरा हटाउन थालेको हो ।

अभियानबारे जानकारी दिँदै हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका योजना प्रमुख कृष्णकुमार महतोले भने, 'सडक अतिक्रमण हटाउनका लागि माघ २४ गते प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाको अध्यक्षतामा सरोकारवालाको बैठक बसेको थियो । बैठकले सडक सीमाक्षेत्र ५० मिटरभित्र निर्माण गरिएका भौतिक संरचना हटाउन सूचना प्रकाशन गर्दै सात दिनको समय दिएको थियो ।'

उनले थपे, 'दिएको समयसीमाभित्र संरचना नहटाएपछि सरोकारवाला निकायको समन्वयमा ती संरचनाहरू हटाउने कार्य तीव्र बनाइएको हो ।' अतिक्रमण हटाउने अभियानअन्तर्गत अबसम्म सडकको अढाई किलोमिटर दूरीमा दुवैतर्फ अतिक्रमण गरेर बनाइएका संरचना हटाइएको छ । यसका कारण एकसय किलोमिटर सडक अतिक्रमणमुक्त भएको छ ।

यो कार्यमा केही स्थानमा प्रहरीको सहायतासमेत लिइएको छ ।

अतिक्रमणका कारण सडकको पानी निकासीमा समस्या उत्पन्न भएको थियो । यसले सडक दुर्घटनाको सम्भावना बढाएको थियो । साथै, सवारी पार्किङ गर्नका लागि पनि कठिनाइ भएको थियो । यस समस्याबारे बढ्दो जनगुनासोको आधारमा अतिक्रमण हटाउने पहल गरिएको प्रमुख महतोले बताए ।

# इन्धनको मूल्य घट्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगमले डिजेल, मट्टितेल र हवाई इन्धनको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बैठकले सोमबार मध्यरातदेखि लागू हुने गरी डिजेल, मट्टितेलको साविकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर दुई रुपैयाँ र हवाई इन्धन (आन्तरिक)तर्फ सात रुपैयाँ र अन्तर्राष्ट्रियतर्फ अमेरिकी डलर ५१ ले घटाएको हो । मूल्य घटेसँगै पहिलो, दोस्रो र तेस्रो वर्गमा डिजेल र मट्टितेल क्रमशः प्रतिलिटर एक सय ४६ रुपैयाँ ५० पैसा, एक सय ४८ रुपैयाँ र एक सय ४९ रुपैयाँ



तथा आन्तरिकतर्फको हवाई इन्धन प्रतिलिटर एक सय २५ रुपैयाँ कायम भएको छ । यसैगरी, निगमले अन्तरराष्ट्रियतर्फको हवाई इन्धन प्रतिकिलोलिटर काठमाडौँमा अमेरिकी डलर नौ सय ५२, पोखरामा सात सय ८२ र भैरहवामा सात सय ६७ तोकेको छ । इन्डियन आयल कर्पोरेसनबाट प्राप्त नयाँ मूल्यसूचीअनुसार डिजेल, मट्टितेल र हवाई इन्धनको नयाँ खरिद मूल्य घटेर आएकाले स्थानीय बजारमा मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन